# वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ६ पूर्णाङ्क १९४ २०७७ साउन १२ गते सोमबार Monday, 27 July., 2020 पृष्ठ ८ मूल्य रू. १०।–


## क्रान्तिकारी पत्रकार महासंघका केस अवस्थीलाई पितृशोक

### महासंघद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य तथा सुदूरपश्चिम प्रदेश संयोजक धनन्जय अवस्थीलाई पितृशोक परेको छ । केस अवस्थीका बुबा बाशुदेव अवस्थीको बुधबार साँझ ६ बजे कञ्चनपुरको शुक्लाफाँटा नपा-१ गणेशपुरस्थित घरमै उहाँको असामयिक निधन भएको थियो । उहाँ पेटको बाँकी ४ पेजमा

# अब भूमि फिर्ताको संघर्षमा क्रान्तिकारी माओवादी




काठमाडौं । राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सडकको नेतृत्व गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले सडकको दबाब आन्दोलनकै कारण वर्तमान ओली सरकार लिम्पियाधुरासहितको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गर्न बाध्य भएको निष्कर्ष निकाल्दै अब लिम्पियाधुरा, लिपुलेक र कालापानीसहित देशैभर भारतले अतिक्रमण गरेको समग्र भूमि फिर्ताको आन्दोलनमा केन्द्रित हुने निर्णय गरेको छ । पार्टीको पछिल्लो भर्चुअल पीवी बैठकले यस्तो निर्णय गरेको सम्बद्ध पार्टी केन्द्रीय कार्यालयले जनाएको छ । नक्सा जारी गरेपछि ओली सरकारले अतिक्रमित भूमि फिर्ताका लागि प्रभावकारी कुटनीतिक पहल गर्नेभन्दा पनि असान्दर्भिक र उट्पट्याङ कुरामा अल्झिएको भन्दै त्यसको कडा शब्दमा विरोध समेत गरेको छ ।

नक्सा जारी भइसकेपछि तमाम तथ्य प्रमाणहरू जुटाएर भारतसँग कुटनीतिक वार्ताको ठोस प्रक्रिया अगाडि बढाउनेतर्फ लाग्नु भन्दा पनि प्रधानमन्त्री ओलीले नक्सालाई राष्ट्रघाती एमसीसीसँग साट्न खोजे । नक्सा जारी गरेपछि बनेको देशभक्तिपूर्ण राजनीतिक माहौलमा उनले एकातिर अमेरिकी साम्राज्यवादी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) जस्तो राष्ट्रघाती सम्झौता संसदबाट पास गराउन भगिरथ प्रयत्न गरे भने अर्कोतिर कोभिड-१९ का कारण रोग र भोकको चपेटामा परेका जनताको व्यवस्थापनमा देखिएको गम्भिर लापर्वाही, गैरजिम्मेवारीपन, बढ्दो भ्रष्टाचार र कमिसनका प्रकरणहरूमा आफ्नो बद्नाम छविका कारण खतरामा परेको आफ्नो प्रधानमन्त्रीको कुर्सीको रक्षाकवचको रूपमा नक्सालाई प्रयोग गर्न खोजे । देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा क्षेत्रीय अखण्डता जस्तो यति गम्भिर र संवेदनशील विषयमा गरिएको यस्तो खेलाँची, सौदाबाजी र गैरजिम्मेवारीपनले ओलीको 'राष्ट्रवाद' कति खोक्रो, स्वार्थपूर्ण र पाखण्डपूर्ण छ भन्ने कुरा पुष्टि गरेको टिप्पणी यतिखेर भइरहेको छ ।

यस पृष्ठभूमिमा राष्ट्रिय स्वाधीनताको बाँकी ७ पेजमा

## कमरेड बर्मन बुढाको निधन नेपाली कम्युनिस्ट तथा जनवादी आन्दोलनमा ठूलो क्षति : क्रान्तिकारी माओवादी



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले ९० वर्षको उमेरमा निधन हुन पुग्नु भएका कम्युनिस्ट तथा माओवादी नेता बर्मन बुढाको निधनले नेपालको कम्युनिस्ट तथा नयाँ जनवादी आन्दोलनमा ठूलो क्षति पुगेको भन्दै एक श्रद्धाञ्जली वक्तव्य जारी गरेको छ । पार्टीका महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा दिवंगत बुढा संसदीय व्यवस्थाको विरोधी भएको उल्लेख गर्दै कमरेड बर्मन बुढाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ । उहाँका शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै वक्तव्यमा भनिएको छ, 'रोल्पाका आज २०७७ श्रावण ७ बाँकी ५ पेजमा

## चेपाङ बस्तीमा पुग्यो क्रान्तिकारी माओवादी

### पीडितहरूले भने– 'घरसँगै नागरिकता, पैसा, लत्ताकपडा, अन्नबाली समेत नष्ट पारिदिए'



चितवन । चितवनको माडी नगरपालिका वडा न. ९ कुशुमखोलाको सुकुम्बासी वस्तीमा राज्यद्वारा गरिएको आगजनीको स्थलगत निरीक्षण गर्न नेकपा (क्रान्तिकारी माओवादी) चितवन जिल्ला बाँकी ४ पेजमा

## त्रिविलाई दलीयकरण गरी प्राज्ञिक संरचना ध्वस्त गर्ने अभ्यासको राष्ट्रिय प्राध्यापक सङ्गठनले गऱ्यो घोर विरोध



काठमाडौं । त्रिभुवन विश्वविद्यालयभित्र भएका अनेकौं विकृति , विसङ्गतिको निराकरणका निम्ति पदाधिकारीहरूसँग भएका औपचारिक अनौपचारिक संवाद तथा छलफलहरूलाई गंभीरतापूर्वक नलिई गुप्त एवम् मनोमानी तवरबाट हालै गरिएका पठनपाठनसम्बन्धित निर्णय र विविध पदमा गरिएका अपारदर्शी नियुक्ति प्रक्रियाको नेपाल राष्ट्रिय प्राध्यापक संगठनले घोर विरोध गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारीले साउन ७ मा जारी गरेको वक्तव्यमा भनिएको छ, 'त्रिभुवन विश्वविद्यालयलाई स्वस्थ र गतिशील प्राज्ञिक थलो बनाउने कुरामा हाम्रो सङ्गठन सधैंभरि संघर्षरत रहँदै आएको छ। हाम्रो सङ्गठनले पटकपटक त्रिभुवन विश्वविद्यालयका उच्च पदाधिकारीदेखि विभिन्न तहमा हुने नियुक्ति प्रक्रियालाई पारदर्शी बनाई प्राज्ञिक उच्चता र वरिष्ठताका आधारमा नियुक्ति गरिनु पर्दछ भन्ने कुरा राख्दै आएको छ र उक्त कुरामा सङ्गठन दृढ छ । त्रिभुवन विश्वविद्यालयलाई निश्चित स्वार्थ समूहको लाभको केन्द्र बनाउने दलीयकरण गरी प्राज्ञिक संरचना ध्वस्त गर्ने अभ्यासको सङ्गठन विरोध गर्दछ ।'

प्रजातन्त्रवादी प्राध्यापक सङ्घद्वारा गरिएको आन्दोलन केवल पदीय लेनदेनमा नटुङ्ग्याई त्रिभुवन विश्वविद्यालयमा माथि उल्लेखित कुरालाई स्थापित गर्न अघि बढोस् भन्ने हामी चाहन्छौं भन्दै वक्तव्यमा विभिन्न माग राखी गरिएको त्यस्ता प्रकृतिका आन्दोलनलाई समर्थन समेत गरिएको छ ।

## चित्तवनमा चेपाङ किसान माथिको हमलाका बिरूद्ध चार किसान संगठनको संयुक्त बक्तब्य



रासायनिक मल किन्ने क्रममा करोडौंको घोटाला गरिएकोवारे छावीन होस र घोटाला गर्ने जो सुकै भए पनि कडा कारबाही गरियोस

चितवनमा सीमान्तिकृत चेपाङ्ग समुदायको परिबारको घरमा हात्ती लगाएर घर भत्काउने, आगो लगाउने र तिनका जहान परिवार र बालबच्चालाई यो चुहिँदो बर्खामा बिचल्लीमा पार्ने जुन दृष्कार्य गरिएको त्यो गरीब किसानमाथिको गम्भीर हमला हो, अत्यन्तै अमानबीय र घोर निन्दनीय दुष्कार्य हो । हामी चार किसान सगठनहरू - अखिल नेपाल किसा महासंघ (अप्फो), अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी) अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघले कम्युनिष्ट नामको किसानमारा यस्तो अमानबीय दुष्कार्यको तीब्र भर्त्सना गर्दछौ र गरीब किसानका घर उजाड्ने अपराधीमाथि कडा कारबाही, घरबार उजाडिएका चेपाङ्ग परिबारलाई पर्याप्त क्षतिपूर्ति देऊ,पीडित किसान परिबारसँग क्षमा याचना गर र यस्ता अमानबीय घटना दोहोरीन नदेऊ भन्ने बाँकी ४ पेजमा

## राज्यव्यवस्था र सरकारको विकल्पमा आजको कार्यनीति

*के पी ओली नेतृत्वको सरकारको सर्बत्र विरोध भैरहेको छ । यो सरकार असक्षम भएको तथ्य उजागर भैसकेको छ । के पी ओली हट्नु पर्छ भन्ने माग सत्ताधारी नेकपाबाट नै पनि व्यापक रूपमा उठिरहेको छ । अब यो सरकार टिक्न सक्ने आधार देखिँदैन । यो सरकारलाई हटाएर कस्तो सरकार बनाउने ? भन्ने विषयमा जुन अलमल थियो, त्यस विषयमा नेकपा (क्रान्तिकारी माओवादी)को भर्खरै बसेको पोलिट ब्युरोको बैठकले समाधान दिएको छ*



● सीपी गजुरेल ●

समाज निरन्तर गति र परिवर्तनको सृंखलाबाट अघि बढिरहन्छ । कहिले त्यसको गती छिटो वा तीब्र हुन सक्दछ भने कहिलेकाहीँ त्यसको गती मन्द हुने गर्दछ । नेपाली समाजमा पनि यही नियम लागु भैरहेको छ ।

यतीखेर नेपाली समाजमा एकै साथ तीन वटा विषयमा गंभीर प्रकारका संकट देखा परेका छन् : कोभिड १९ को संकट, भारतीय अतिक्रमणमा परेका नेपाली भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालकै कायम गर्ने संकट र अमेरिकी साम्राज्यवादव्दारा नेपाललाई आफ्ना सुरक्षा छातामा ल्याएर आफ्नो अखडा बनाउनकालागि ल्याइएको एमसीसीको संकट। यी तीनैवटा संकटको समाधान गर्ने काममा के पी ओली नेतृत्वको वर्तमान सरकार पूर्ण रूपमा असफल सावित भएको छ। यो सरकारले यी लगायत नेपाली समाजमा विद्यमान समस्याको समाधान गर्ने होइन कि झन् समस्याहरू थप्दै जाने र विकराल बनाउँदै जाने काम गरिरहेको छ। त्यसकारण कोरोना भाइरसलाई नियन्त्रण गर्ने उपायका रूपमा ०७६ साल चैत्र ११ गते देखि लागु गरिएको लक्डाउन (बन्दा बन्दी)का समयमा पनि क्रान्तिकारी शक्ति र नेपाली जनता विरोधमा उत्रिन वाध्य भए । राष्ट्र र जनताका समस्या यती गम्भीर प्रकृतीका छन् कि तिनको समाधान यो सरकार र यो व्यवस्थाले गर्न नसक्ने कुरा बाँकी ७ पेजमा

## सम्पादकीय

# न्यायपालिकाको अपराधीकरण

संसदीय व्यवस्था कति कुरूप र घिनलाग्दो हुन्छ र संसदीय व्यवस्थामा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका कति भ्रष्ट, नालायक र जनविरोधी हुन्छन् भन्ने कुरा पछिल्ला दिनका घटनाक्रमले राम्रोसँग पुष्टि र चरितार्थ गरेका छन् । निष्पक्ष न्याय सम्पादन गरी कार्यपालिका र व्यवस्थापिकालाई सन्तुलनमा राख्ने जिम्मेवारी बोकेको न्यायपालिकाको नेतृत्व बदनाम हुँदा सिङ्गो न्यायापालिकाको निष्पक्षतामाथि फेरि गम्भिर प्रश्न उठेको छ । श्रीमतीको हत्या गरेर आजीवन काराबासको सजाय भोगिरहेका पूर्व डिआइजी रञ्जन कोइरालाको सजाय कटौती गरी रिहा गर्ने फैसला सुनाएपछि एकपट फेरि न्यायालयको कालो अनुहार उदाङ्गो भएको छ । र, एकपटक फेरि पुष्टि भएको छ- नेपालमा न्याय पैसामा खरिदबिक्री हुन्छ भन्ने अनि कार्यपालिका र व्यवस्थापिका जस्तै न्यायपालिका पनि भ्रष्टहरूको अखडामा परिणत भएको छ भन्ने ।

पैसा, पद र शक्तिको बलमा 'निर्दोषहरूले सजाय पाउने र दोषी तथा अपराधीहरूले उन्मुक्ति पाउने' न्यायिक प्रक्रिया भएकै कारण न्यायपालिका अहिले सबैभन्दा बद्नाम बन्न पुगेको छ । र, नेपाल न्याय हराएको देशको रूपमा चित्रित हुन पुगेको छ । यहाँ गरिबले कहिल्यै न्याय पाउँदैन । सबै अपराधको ढाकछोप अदालतमै हुने गरेको छ । भ्रष्ट न्यायाधिश, भ्रष्ट वकिल अनि भ्रष्ट नेता तथा कर्मचारीहरूको सेटिङमा नै न्यायपालिकाको पनि अपराधीकरण हुँदै गएको छ । न्यायाधिशहरू राजनीतिक भागबण्डाका आधारमा अनि ठूलो रकम चलखेलका आधारमा नियुक्त हुन थालेपछि 'निष्पक्ष न्यायपालिका'को वकालत गर्नु आफैमा पाखण्ड मात्रै हो । भ्रष्ट र अपराधीहरूको पक्षमा फैसाला गरेर, उनीहरूलाई चोख्याएर न्यायालयले देश र जनताका विरुद्ध सबैभन्दा ठूलो अपराध गरेको छ । सत्ता, शक्ति र पैसा हुनेहरूले जे गरे पनि हुन्छ भन्ने 'मनोविज्ञान' अदालतको फैसलाका नजिरहरूले स्थापित गरेका छन् । त्यसैकारण समाजमा हत्या, बलात्कार, चोरी, डकैती, भ्रष्टाचार, कमिसनका प्रकरणहरूमा बढोत्तरी भइरहेको छ । यसको लागि मुख्य जिम्मेवार नेपालको न्याय प्रक्रिया छ, अदालत छ ।

सर्वस्वसहित जन्मकैदको सजाय सुनाइएका पूर्वसशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) रञ्जन कोइराला सर्वोच्च अदालतको आदेशपछि ८ वर्ष ६ महिना कैद सजाय भुक्तान गरेर बिहीबार जेलमुक्त भए । आफ्नै श्रीमतीको हत्या मुद्दामा दोषी ठहर भएपछि सो मुद्दामा जिल्ला र पुनरावेदन अदालतले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको थियो । तर, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र तेजबहादुर केसीको इजलासले उनको सजाय घटाउने फैसला गरेको थियो ।

कोइरालाको सजाय घटाउने सर्वोच्चको फैसला चित्त नबुझेपछि सरकारी वकिलले पुनरावलोकनको निवेदन सर्वोच्चमै दर्ता गरेको छ भने राजनीतिक वृतमा प्रधानन्यायाधिश जबराको राजिनामा माग भएको छ र महाअभियोग लगाएर हटाउनुपर्ने जोडदार माग उठिरहेको छ । सडकमा विरोध प्रदर्शनहरू समेत भइरेका छन् ।

स्रोतहरूका अनुसार न्यायपालिकाभित्र अहिले दुईखाले न्यायाधीश चरित्र देखिने गरेका छन् । तीमध्ये एउटामा पैसा पाए जस्तोसुकै मुद्दा जसरी पनि हेर्ने र फैसला गर्न तयार हुने, पैसा नपाए कार्यविधि देखाएर पन्छिने गर्छन् । यो प्रवृत्तिले पैसा नआउने लाख वा हजार बिगो भएका मुद्दाहरू पुर्पक्षमा पठाउँछ, पैसा पाए करोडौ राजस्व मारेका मुद्दा पनि थोरै धरौटीमा छिनाई दिन्छ ।

न्यायपालिकाभित्र इमान्दारिताको नाममा विवादमा परिएला भनेर विवादित खालका मुद्दाबाट तर्किने र सकेसम्म पुर्पक्ष (थुना) मा पठाई दिने अर्को प्रवत्ति छ । खास गरेर प्रधानन्यायाधीश हुने लाइनमा रहेका न्यायाधीशहरूमा यो खालको प्रवत्ति देखिन्छ । खुलेआम बेन्च सेटिङ हुने, न्याय परिषदको सदस्यलाई खबरै नगरी मध्यरातमा बैठक राखेर न्यायाधीश नियुक्त गर्दा व्यापक आर्थिक चलखेल हुने समेत गरेका छन् ।

न्यायपालिकाभित्रका यस्ता प्रवृत्तिले नै समाजलाई मात्रै होइन सिंगो संसदीय व्यवस्थालाई नै अपराधीकरण गरिरहेको छ । जतिसुकै सार्वजनिक आलोचना भएपनि यो प्रवृत्तिमा सुधार आउने देखिन्न । किनकि, संसदीय व्यवस्था भनेको नै भ्रष्ट र अनैतिक व्यवस्था हो । पात्रहरूमा भन्दा पनि समस्या प्रवृत्तिमा छ । समग्र राज्य संयन्त्र र शासन प्रणाली नै खराब छ । जनविरोधी छ । यो व्यवस्था रहेसम्म गरिब, र निमुखाले कहिल्यै न्याय पाउँदैनन् । न्याय र समानताका लागि गरिब, श्रमिक तथा गरिखाने जनताको आफ्नै राजनीतिक व्यवस्था स्थापित हुन जरुरी छ । त्यसका निम्ति संघर्ष, संघर्ष अनि संघर्ष । व्यवस्था बदल्ने आमूल परिवर्तनकारी संघर्ष अपरिहार्य छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# अहिलेको राष्ट्रिय समस्याको विकल्प के हो ?



● रामसिंह श्रीस ●

*लकडाउन भनेको अघोषित संकटकाल हो । नेपालमा कोरोनाभाइरसको संक्रमण माहामारीको रूपमा फैलिएर गएको छ । यो भाइरस एक व्यक्तीबाट अर्को व्यक्तीमा छिट्टै सर्ने एकप्रकारको सरूवा रोग हो । यो रोगबाट बच्नको लागी संसरमा धेरै जसो देशहरूले लकडाउन गरेका छन । नेपालमा पनि चैत्र ११ गतेबाट लकडाउन गरिएको छ । हाम्रो देशलाई यसै समयमा तिन ठुला शक्तिहरूको सामना गर्न परिरहेको छ । पहिलो अमेरिकाले इण्डोपेसिफिक रणनीती(एमसीसी) अन्तर्गत नेपालमा अमेरीकी सेना तैनाथ गरेर नेपालको सार्वभौम स्वतन्त्रतामा आँच पुर्याउने र नेपालमा बसेर चिन विरोधी क्रियाकलाप गर्ने । दोस्रो छिमेकी मुलुक भारतले हाम्रो नेपाली भूमि लिपुलेक, लिम्पियाधुरा, कालापानी ३७२ वर्ग कि.मी. भन्दा बढी भूमि आफ्नो नक्शामा पारेर अतिक्रमण गरेको छ । तेस्रो कोरोना भाईरस पनि चुनौतीको रूपमा खडा भएको छ*

आज नेपाली जनता कोभिड-१९, बाढीपहिरो र सलहको आक्रमणबाट आक्रान्त भएका छन् । यो त भयो प्राकृतिक प्रकोप । यो प्राकृतिक प्रकोपको बिरुद्ध राज्यको नेतृत्वमा सम्पूर्ण मानव समूदाय लड्नुपर्ने आजको आवश्यक्ता हो । तर राज्यको गलत नीतिका कारणले नेपाली जनताले अरू बढी दुःख पाइरहेका छन् । स्वास्थ्य, शिक्षा लगायत हरेक क्षेत्रमा नेपाली जनताले दुःख पाइरहेका छन् । हरेक क्षेत्रमा भ्रष्टाचार बढीरहेको छ । भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने काम भइरहेको छ । ज्यानमारा, हत्यारा, बलात्कारीहरूलाई अदालतले नै उन्मुक्ति दिने काम भइरहेको छ । जातीय भेदभाव, छुवाछुत हटेको छैन । गरीबी, बेरोजगारी बढीरहेको छ । उपचार गर्न नसकेर मानिसहरू बाटाघाटामा भिख माग्ने, आत्महत्या गर्ने सम्मको स्थिति पैदा भएकोछ । अहिले यस्तो मध्य वर्षामा बाढीपहिरोले उत्पात गरिरहेको अवस्थामा राज्यले सुकुम्बासीको घरमा आगो लगाइरहेको छ । हात्ती लगाएर घर भत्काइ दिने खेतीबाली नस्ट गरिदिने काम भइरहेकोछ । यसले राज्यसँग सामान्य मानवीय समबेदना नभएको कुरा स्पस्ट बुझिन्छ । समग्रमा एकातिर आम श्रमिक वर्गका मानिसहरूको जनजीवन झनझन कस्टकर बन्दै गइरहेकोछ । अर्कातिर देशको सीमाहरू मिचिरहेका छन् । यो एउटा पाटो हो ।

समाजमा अहिले अर्को पाटो पनि छ । समाजका केही मुठ्ठीभर मानिसहरू दलाल तथा नोक्करशाही पुँजीपति र सामन्तवर्गका मानिसहरू एवम् राज्यसत्ताको पहुँचमा भएका मानिसहरू, तस्करहरू, माफियाहरू, भ्रष्टाचारीहरू दिन दुइ गुणा रात चौ गुणा धनाढ्य बन्दै गइरहेका छन् । उनीहरू अरबपति खरबपति बन्दै छन् । मजदुर किसानहरूले बिरामी हुँदा सिटामोल सम्म खान नपाइरहेको अवस्थामा उनीहरू करोडौंको गाडीमा चढेर हिड्छन् । राष्ट्रको ढुकुटीमा राज्यको पहुँचमा भएका केही सिमित व्यक्तिहरूले मोज मस्ती गरिरहेका छन् । समग्रमा नेपालमा धनी र गरीब विचको खाडल बढ्ने क्रम तिब्र गतिमा बढीरहेको छ ।

यस प्रकारको अवस्था अहिले मात्र देखा परेको हो त ? होइन, पञ्चायत कालमा पनि यो सिलसिला चलिरहेको थियो । पञ्चायती व्यवस्थालाई फालेर ल्याएको राजासहितको संसदीय व्यवस्थामा यो सिलसिला कायमै थियो र गणतन्त्र आए पछिको यो "संघीय लोकतान्त्रीक शासन व्यवस्था"मा पनि यो जारी छ । पञ्चायती व्यवस्थामा पनि चुनाव हुन्थ्यो र जनताले भोट हालेर नेता छानेकै हुन् । नयाँ संविधान जारी भएपछि त कम्युनिस्ट नाम गरेको पार्टीलाई जनताले करिव दुई तिहाइको हाराहारीमा मत दिएर जिताएकै हुन् तर जनताले राहत कतै पाएनन् । गरीबी बढेको बढ्यै छ । भष्टाचार, बेरोजगारी, बढेकै छ । ज्यानमारा बलात्कारीहरूलाई अदालतले नै सफाई दिइरहेको छ । वि.सं. २०४६ साल देखि अहिले सम्म नेकपा एमाले र प्रचण्डले नेतृत्व गरेको माओवादी कहिले एकल त कहिले संयुक्तरूपमा सरकार चलाएकै हुन । अहिले एमाले र प्रचण्ड नेतृत्व गरेको माओवादी मिलेर बनेको डबल नेकपाले शासन सत्ता चलाइरहेको छ तर समाजमा गरीबी, बेरोजगारी भ्रष्टाचार, अन्याय, अत्याचार, हत्या, लुट आदि बढीरहेकैछन् । देशको सीमाहरू मिचिरहेका छन् । आखिर यस्तो किन भइरहेको छ ? अव नेपाली जनताले यसको सही उत्तर खोज्नु पर्छ ।

राणा शासन देखि जनताले समाजमा रहेको अन्याय, अत्याचार, भ्रष्टाचार, गरीबी, बेरोजगारी हटाउन र आफ्ना मौलिक हक, अधिकार प्राप्त गर्न निरन्तररूपमा संघर्ष गर्दे आइरहेका छन् । ठुलाठुला जनआन्दोलन, सशस्त्र विद्रोह, जनयुध्द भए । यीनै संघर्षको कारणले जहानीया राणाशासन गयो, पञ्चायत गयो र अन्ततः राजतन्त्र नै गयो । संघीय गणतन्त्र आयो तर पनि अगाडी उल्लेख गरिएका समस्याहरू बढ्ने कुरा रोकएन । आखिर जनआन्दोलन, जनयुध्द गर्ने जनताहरू कहाँ चुके र अहिले यस्तो अवस्था आईरहेको छ ? आफ्नो कमजोरीलाई पनि संघर्षसील जनताले पत्ता लाउन जरुरी छ ।

अहिले पनि देशभक्त न्यायप्रेमी जनताहरू संघर्षमा नै छन् आन्दोलनमा नै छन् । अब यहाँ गरीबी हटाउनका लागि भ्रष्टाचार, रोक्नका लागि, राष्ट्रिय स्वाधिनताको रक्षा गर्नका लागि पनि संसदीय व्यवस्था भित्र कुनै एउटा व्यक्ति वा पार्टीलाई विकल्पको रूपमा ल्याएर समस्या समाधान हुँदैन । यहाँ ओलीको ठाउँमा प्रचण्ड, माधव वा अरू कुनै पात्र ल्याएर नेपाली जनताको समस्या समाधान हुनेवाला छैन् । त्यसरी नै यही संसदीय व्यवस्था भित्र एउटा पार्टीको ठाउँमा अर्को पार्टी ल्याएर पनि नेपाली जनताका समस्याहरू समाधान हुनेवाला छैनन् । डबल नेकपाको ठाउँमा नेपाली काँग्रेस वा अन्य कुनै अर्को पार्टीलाई सरकारमा ल्याएर पनि राष्ट्र र जनताको समस्या समाधान हुने वाला छैन् समस्याहरू अरु बिकराल बन्दै जाने छन् । यो कुरा वि.सं.२००७ साल देखि अहिले सम्मको ब्यवहारले पुष्टि गरी सकेको छ ।

त्यसो भए यो सरकारको विकल्प के हो त ? अबको विकल्प भनेको यो व्यवस्थाको विकल्पसहितको सरकारको विकल्प हो । नेपालको सन्दर्भमा यो संसदीय व्यवस्थाको विकल्प भनेको जनताको जनवादी अधिनायकत्व भएको ब्यवस्था हो । अहिलेको यो संसदीय व्यवस्था भनेको दलाल तथा नोक्करशाही पुँजीपति र सामन्तवर्गको अधिनायकत्व भएको राज्य व्यवस्था हो । वि.सं. २००७ सालदेखि अहिले सम्म राज्यव्यवस्थाको रूपमा वा मोडेलमा जति परिवर्तन भए पनि सारमा दलाल तथा नोक्करशाही पुँजीपति र सामन्त वर्गको राज्यसत्ता नै कायम रह्यो । यो राज्यसत्तालाई ध्वंस गरेर नयाँ जनताको राज्यसत्ता निर्माण गर्नु पर्थ्यो । त्यो हुन सकेन । यहीनेर चुके नेपालका आन्दोलनकारी जनताहरू । जुन वर्गको हातमा राज्य सत्ता छ त्यही वर्गको अधिनायकत्व हुन्छ । त्यसकारण अहिलको विकल्प भनेको दलाल तथा नोक्करशाही पुँजीपति र सामन्त वर्गको अधिनायकत्व भएको राज्यव्यवस्थालाई ध्वस्त पारेर जनताको जनवादी अधिनायकत्व भएको राज्यव्यवस्था स्थापना गरी देश भक्त तथा जनगणतान्त्रीक शक्तिहरूको सरकारकार निर्माण गर्नु हो । यो काम सर्वहारावर्गको नेतृत्वमा मात्र सम्भव छ । २०७७/०४/१०

# क्रान्तिकारीहरु फलाम गाल्ने आगोको मुस्लो बन्न सक्नुपर्छ

*क्रान्ति विरोधी गैर कम्युनिष्ट क्रियाकलाप सामू मौनधारण गरी बस्नु एक प्रकारको मतियार बन्नु हो । मतियार बन्नपुग्नु भनेको कुनै पनि मानेमा सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको नियति होइन र हुन सक्दैन । यसरी मौनधारण गरी मतियार बन्नपुग्नु क्रान्तिकारी आचरण होइन र क्रान्तिकारी आचरण मान्न सकिन्न*



● पुष्पगोपाल श्रेष्ठ ●

वैज्ञानिक दृष्टिकोण भनेको 'तथ्यको आधारमा सत्य खोज्नु' हो र धमण्डसाथ आफुलाई अचुक ठान्ने र सबैलाई भाषण दिंदै हिंड्ने बानीबाट कहिल्यै कुनै समस्याको टुङ्गो लाग्न सक्दैन । हाम्रो देशमाथी आइपरेका विपत्तिहरू ज्यादै गम्भिर छन् । वैज्ञानिक दृष्टिकोण तथा जिम्मेवारीको भावना लिएर मात्र हाम्रो देशलाई मुक्तिको बाटोतिर लान सकिने छ । सत्य एउटै मात्र छ, र कसैले सत्य फेला पारेको वा छैन भन्ने कुरा मनोगत अहंकार माथि होइन, तर वस्तुगत व्यवहारमाथि भरपर्छ । लाखौं करोडौं जनताको क्रान्तिकारी व्यवहार नै सत्यको एक मात्र कसी हो ।

हाम्रो दशकौं लामो क्रान्तिकारी संघर्षको अभिप्राय के हो भने, हामी कम्युनिष्टहरूको उद्देश्य चाहिं नेपाल राष्ट्रको निम्ति, नयाँ समाज र नयाँ राष्ट्रिय व्यवस्थाको निर्माण गर्नु हो । त्यस नयाँ राज्यव्यवस्थामा, नयाँ राजनीति र नयाँ अर्थ-व्यवस्था मात्र होइन तर नयाँ संस्कृति पनि हुनेछ । अर्को शब्दमा, हामी राजनैतिक रूपले उत्पीडन र आर्थिक रूपले शोषित नेपाललाई राजनैतिक रूपले स्वतन्त्र र आर्थिक रूपले समृद्धिशाली नेपालमा फेर्न मात्र होइन र पुरानो संस्कृतिको प्रभुत्व अन्तरगत अज्ञान र पिछडिएको अवस्थामा रहेको नेपाललाई पनि प्रवुद्ध र प्रगतिशिल नेपालमा फेर्न चाहन्छौं । छोटकरीमा, हामी नयाँ नेपालको निर्माण गर्न चाहन्छौं । सांस्कृतिक क्षेत्रको हाम्रो उद्देश्य नयाँ नेपाली राष्ट्रिय संस्कृतिको निर्माण गर्नु हो ।

के जीतवाजीका लागि धेरै भन्दा धेरै जनतालाई संगठित गर्नुपर्छ भन्ने कुरा सत्य होइन ? सबै पेशा व्यवसायका जनता चाहे हिमाली कन्दराका होऊन या कुनै प्रान्तका, चाहे उत्तरका होऊन् या दक्षिणका, सबलाई संगठित गर्नुपर्छ । धेरै या थोरै जनता संगठित गर्नु कुन चाहिं असल होला ? त्यसमा त धेरै भन्दा धेरै जनता संगठित गर्नु नै उत्तम छ नि । हामीले जीतबाजीका कुरा गर्दा सर्वहारावर्गको नेतृत्वमा व्यापक जनसमूदायलाई एकगढ गर्ने कुरा सुनिश्चित गर्नैपर्छ र साथैसाथ, विभिन्न चिरामा विभाजित सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू बीच एकता कायम हुनु र गर्नु पनि उत्तिकै जरुरी छ ।

कम्युनिष्ट जीवन-शैली भित्रको अत्यन्तै महत्वपूर्ण विधि आलोचना र आत्मा-आलोचना हो भन्ने कुरो सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले बुझ्नु जरुरी छ । आफुबाट भए गरेको कमिकम्जोरी वा गलत क्रियाकलापलाई लिएर कसैले गरेको स्वच्छ आलोचनाबाट तिरमिरेर क्रान्ति विरोधि, गैर कम्युनिष्ट आचरण अपनाउनु, सच्चा क्रान्तिकारी कम्युनिष्टको आचरण भित्र पर्दैन र होइन । फेरी त्यस्तो क्रान्ति विरोधी गैर कम्युनिष्ट क्रियाकलाप सामू मौनधारण गरी बस्नु एक प्रकारको मतियार बन्नु हो । मतियार बन्नपुग्नु भनेको कुनै पनि मानेमा सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको नियति होइन र हुन सक्दैन । यसरी मौनधारण गरी मतियार बन्नपुग्नु क्रान्तिकारी आचरण होइन र क्रान्तिकारी आचरण मान्न सकिन्न ।

हामी क्रान्तिकारी पार्टीका सच्चा क्रान्तिकारी कम्युनिष्टहरू बीच यदाकदा क्रान्तिकारी सैद्धान्तिक नीतिको मूल्य र मान्यता 'नेता होइन नीति प्रधान' हो र यसको ठिक उल्टो 'नीति होइन नेता प्रधान'को विधि व्यवहारमा लागेको देख्नमा आउनु दुःखदायी मात्र होइन, क्रान्तिकारी अभियानलाई नै बिथोल्ने र पठभ्रष्ट पार्ने दक्षिणपन्थि अवसरवादीहरूको यसखाले चलखेललाई, समय नबित्दै सुधार्नु जरुरी छ । यस्ता अवाञ्छनिय चलखेल विस्तार-विस्तार आफै सुध्रिन्छ र सुधार्न सकिन्छ भनेर यतिकै छुत दिइरहने हो भने, समय बित्दै जाँदा यस्ता प्रवृत्तिले विकराल रूप धारण नगर्ला भन्न सकिन्न । तसर्थ, यस्ता गलत प्रवृत्तिलाई समयमै आवश्यक उपचार पद्धति अपनाई सच्चा क्रान्तिकारी कम्युनिष्ट हुनुको पहिचान सहित श्रमजीवी जनसमूदाय बीच घुलमेल भई क्रान्तिकारी हौसला बुलन्द पार्नु नितान्त जरुरी छ ।

हाम्रो सम्झनामा ताजा रहि आएको कुरा के हो भने - कुनै पनि व्यक्ति विशेषको खराब आचरण र गलत प्रवृतिलाई कुनै पनि अर्थमा क्षम्य मान्नु हुन्न र त्यस्तो आचरण र प्रवृतिलाई कतैबाट पनि त्यो सुध्रिन सक्छ भनेर बचाउ गर्नुको नतिजा चिनमा भए गरेको साँस्कृतिक क्रान्तिताका क्रान्तिकारी कर्मीहरूले टेङ स्याओ पिङको पार्टी एवम् सैद्धान्तिक विरोधि क्रियाकलाप विरुद्ध उनलाई कार्वाई गर्न गइरहेको बेला ती सुध्रिन र सुधार्न सक्ने समय छ भन्दै, रोकथाम गर्नुको परिणाम महान नेता माओत्से टुङको निधन भए लगतै निजको नेतृत्वमा 'चिनमा भएको प्रतिक्रान्ति' आज हाम्रो सामू दिनको घाम जतिकै छर्लङ्ग रहिआएको छ । जुन घटना हामीले *बाँकी ८ पेजमा*

# चेपाङ बस्तीमा पुग्यो क्रान्तिकारी माओवादी

## पीडितहरूले भने- 'घरसँगै नागरिकता, पैसा, लत्ताकपडा, अन्नबाली समेत नष्ट पारिदिए'









समितिको एउटा टोली कुसुमखोला सुकुम्बासी बस्ती पुगेको छ । पार्टीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज विकास जिल्ला सेक्रेटरी अशोक शर्मा सहितकोको टोली उक्त स्थान गएको हो ।

माडीको वसन्तपुर बजारमा भएको विरोधसभाको अर्को दिन पैदलमार्ग हुँदै टिम सुकुम्बासी चेपाङ वस्ती पुगेको हो । कुसुमखोला पुगेर टोलीले त्यहाँका पीडित परिवारसंग घटनाको विवरण लिनुका साथै त्यहाँ भएको क्षतिको विवरण लिएको थियो ।

पार्टी केन्द्रीय सदस्य विकासलाई उक्त वस्तीका पीडित काजिमान चेपाङ र दीप बहादुर चेपाङले निकुञ्ज प्रशासनले गरेको ज्यादती र त्यसबाट भएको नोक्सानीको बारेमा रिपोर्ट गरेका थिए । जस अनुसार काजीमान तामाङको घरमा रहेको १०००० दस हजार रूपैयाँ र नागरिकता दुवै र दीप बहादुर चेपाङ समेत परिवारका लत्ताकपडा अन्नपात र अन्नवाली पूर्णरूपमा नष्ट भएको थियो ।

चितवनको माडी नगरपालिका-९ कुसुमखोलास्थित सुकुम्बासी चेपाङ बस्तीमा निकुञ्ज प्रशासनले आगजनी र हात्ती लगाएर घरहरू भत्काई सुकुम्बासी चेपाङहरूलाई उठीबास लगाएको घटनालाई अमानवीय, क्रूर र निर्लज्ज कार्य भन्दै उक्त घटनाको विरोधमा नेकपा (क्रान्तिकारी माओवादी) चितवनले मंगलबार चितवनको चौबीसकोठीमा विरोध प्रदर्शनको आयोजना गरेको थियो ।

घटनाको विरोधमा वक्तव्य जारी गर्दै जिल्ला पार्टीका सेक्रेटरी अशोक शर्माले घटनाबाट घरबारविहीन बन्न पुगेका सुकुम्बासीहरूलाई तुरुन्त आवास, खाद्यान्न र लत्ताकपडाको व्यवस्था गरी दोषीहरूमाथि कडा कारबाही गर्न जोडदार माग समेत गरेका थिए ।

वक्तव्यमा क्रान्तिकारी माओवादी र अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघको संयुक्त आयोजनामा उक्त घटनाको विरुद्धमा मंगलबार गरिने विरोध कार्यक्रममा सहभागि हुन सम्पूर्ण पार्टीपंक्ति, किसान, मजदुर तथा भुमिहीन सुकुम्बासी जनसमुदायलाई हार्दिक अपिल समेत गरिएको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ चितवनको आयोजनामा माडीको कुशुमखोलामा सुकुम्बासी समुदायको घरमा आगो लगाएर ध्वस्त पार्ने सरकारको जनविरोधी कार्यको विरोधमा माडीको वसन्तपुर बजारमा भएको विरोधसभामा आफ्ना भनाइ राख्दै नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरीले जनताको अधिकार कुल्चने सरकारका बिरूध्द सघर्ष आव्हान गर्दै यो सरकार सामन्त तथा दलाल पुँजीपतिहरूको सरकारभएकाले गरीव तथा सुकुम्बासी समुदायको घरमा आगो लगाएर ध्वस्त पार्ने काम गरेको बताएका थिए । उनले नेपालमा मजदुर, गरीव किसान तथा सुकुम्बासीहरूको मुक्ति तव सम्भव हुन्छ, जब जनवादी क्रान्तिले यस्ता प्रतिक्रियावादीहरूको सरकार सत्तालाई ध्वस्त बनाएर जनताको सरकार स्थपना गर्दछ, भनेका थिए ।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) ३ नं प्रदेशका सचिव प्रवेशले जारी गरेको विज्ञप्तिमा घटनालाई निन्दनीय र अमानवीय भन्दै घोर भर्त्सना गरिएको छ । र, वैकल्पिक व्यवस्था नगरी यस्तो निकृष्ट र अमानवीय कार्य गर्नेमाथि कडा कारबाही गर्न माग समेत गरिएको छ ।

आगजनी पीडितहरूलाई आवाससहित खाद्यान्न, लत्ता कडाको व्यवस्था गर्न सरकारसित जोडदार माग गर्दै घटनाका विरुद्ध संघर्षमा उत्रन चितवन जिल्ला पार्टीलाई निर्देशन समेत दिइएको छ ।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी)ले पनि चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले चेपाङ बस्तीमा आगो लगाई घरबारविहीन बनाएको घटनालाई लिएर गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो ।

वक्तव्यमा चितवनमा सीमान्तिकृत चेपाङ्ग समुदायको परिबारको घरमा हात्ती लगाएर घर भत्काउने, आगो लगाउने र तिनका जहान परिवार र बालबच्चालाई यो चुहिँदो बर्खामा बिचल्लीमा पार्ने जुन दृष्कार्य गरियो, त्यो गरीब किसानमाथिको गम्भीर हमला हो, अत्यन्तै अमानवीय र घोर निन्दनीय दुष्कार्य हो भनी उल्लेख गरिएको थियो । त्यसैगरी चार किसान सगठनहरू- अखिल नेपाल किसा महासंघ (अप्फो), अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी) अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघले पनि संयुक्त रूपमा वक्तव्य जारी गर्दै भनिएको छ, 'कम्युनिष्ट नामको किसानमारा यस्तो अमानवीय दुष्कार्यको तीव्र भर्त्सना गर्दछौ र गरीब किसानका घर उजाड्ने अपराधीमाथि कडा कारबाही, घरबार उजाडिएका चेपाङ्ग परिबारलाई पर्याप्त क्षतिपूर्ति देऊ,पीडित किसान परिबारसँग क्षमा याचना गर र यस्ता अमानबीय घटना दोहोरीन नदेऊ भन्ने जोडदार माग गर्दछौं ।'

चितवनको माडीको कुशुमखोलामा सुकुम्बासी समुदायको घरमा आगो लगाएर वस्ती नै ध्वस्त पार्ने काममा कमाउनिष्ट सरकारको आदेशमा नेपाली सेना ज्यादती गरेको देखिएको छ । ओली सरकारको आदेशमा यस्तो जनविरोधी काम गर्ने नेपाली सेनामाथि यस कार्यबाट गम्भीर प्रश्न उब्जिएको छ- नेपाली सेनाको चरित्र र प्रवृति विगतको शाही सेनाकोजस्तै जनविरोधी छ । खासगरी नेपालका गरीव तथा सुकुम्बासीहरूमाथि यसले निरङकुसता लाद्ने काममा वर्षाको झरी, वाढी तथा पहिरो केही पनि हेर्दैन । यही भएको छ माडीको कुशुमखोलामा सुकुम्बासीमाथि । वर्षाको समय प्राकृति प्रकोपबाट जनताको जीउधनको सुरक्षा गर्नुको बदलामा उल्टै माडीको कुसुमखोलामा सुकुम्बासी समुदायको घरमा आगो लगाएर ध्वस्त पार्ने सरकारको जनविरोधी कार्यलाई कार्यान्वयन गर्दै सुकुम्बासी वस्तीका घरमा आगो मात्र लगाएर नपुगी गरिबले लगाएर पाक्न लागेको अन्नबाली समेत हात्ती लगाएर नष्ट गरिएको छ ।

माडी कुशुमखोलामा सरकारका तान्डव नृत्य नेपाली सेनाले देखाएकोछ । मानवता र मानवीयता नभएको सरकारको सेना नेपाली सेना बन्न गएको छ । सातवटा हात्ती लिएर राष्ट्रिय निकुञ्जका २०/२२ जना मान्छेहरूले १० जनाको घरमा शनिबार आगो लगाउने र भत्काउने काम गरेका थिए । चितवनको माडीमा बाँदरझुला र कुसुमखोला दुई ठूला सुकुम्बासी बस्ती छन । बाँदरझुलामा ४७ सालपछि र कुसुमखोलामा ५३ सालतिर मान्छेहरू गएर बस्न थालेका हुन् ।

### क्रान्तिकारी...

क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो ।

यसैबीच, क्रान्तिकारी पत्रकार महासंघले एक वक्तव्य जारी गरी दिवंगत बुवा बाशुदेव अवस्थीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ भने महासंघका केन्द्रीय सदस्य धनन्जय अवस्थीलगायत शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।

संगठनका अध्यक्ष इन्द्र राउतले बिहीबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'हाम्रो गौरवशाली संगठन क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय सदस्य तथा सदूरपश्चिम प्रदेशका संयोजक धनञ्जय अवस्थीका बुबा बाशुदेव अवस्थीको बुधबार साँझ ६ बजे असामयिक निधन हुन पुगेको छ । कञ्चनपुरको शुक्लाफाँटा नपा-१, गणेशपुर निवासी ५७ वर्षे वाशुदेव अवस्थीको निधनले हाम्रो संगठनलाई दुःखित् र स्तब्ध तुल्याएको छ । दुःखद् यो शोकको घडीमा हाम्रो संगठन दिवंगत बुबा वाशुदेव अवस्थीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ र हाम्रो संगठनका केस धनञ्जय अवस्थीलगायत सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

### चितवनमा...

जोडदार माग गर्दछौं ।

यसका अतिरिक्त धान रोपाई गर्ने बेलामा रासायनिक मल किन्ने क्रममा करोडौको घोटाला गरिएकोछ भन्ने कुरा प्रकाशमा आएकोछ । यसको छावीन होस र घोटाला गर्ने जो सुकै भए पनि कडा कारबाही गरियोस र किसानलाई राहत, सुबिधा र सहुलियत प्रदान गरियोस भन्ने पनि जोडदार माग गर्दछौ ।

१. अखिल नेपाल किसान महासंघ (अप्फो) - भैरव रेग्मी ।

२. अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) - सीताराम तामाङ ।

३. अखिल नेपाल किसान युनियन - कृष्ण राना ।

४. अखिल नेपाल प्रगतिसिल किसान संघ - लोक नारायण सुवेदी ।

# देशविरोधी र जनविरोधी रणनीतिक ग्रान्ड डिजाइनलाई ध्वस्त बनाउने राष्ट्रिय शक्तिको निर्माणको आवश्यकता



● हुकुमबहादुर सिंह ●

*यी खराबीहरूलाई कानुनी रूप दिएर ढाकछोप गर्न विश्व पुँजीवादले 'प्रजातन्त्र'को खोल ओढेकोछ,जसलाई नेपालीमा गणतन्त्रमा अहिले लोकतन्त्र भन्ने गरिएकोछ । यही लोकतन्त्र वा प्रजातन्त्रको खोललाई च्यातचुत नपारेसम्म पुँजीवादी उन्मादले खन्ने गरेको मानवता विरोधी खाल्डोलाई जनताले पहिचान गर्न सकिरहेका छैनन, परिणाम विश्व पुँजीवादले विश्वका जनतामाथि एकछत्र शोषणद्धारा पुँजीलाई केही सीमित व्यक्तिको हातमा गएर थुपार्ने र अन्य बाँकी देशहरूमा सधैंभरि भोक, गरीवी र अनेकौ संकटको स्थिति रहीरहनु पर्ने वाध्यता देखिएको छ*

मार्क्सवादी दृष्टिकोणमा वर्तमानको साम्राज्यवाद जसलाई एकाधिकार पुँजीवादको भूमण्डलीकृत रूप भनिन्छ, त्यसद्धारा उत्पन्न विश्वव्यापी पर्यावरणीय संकटको एउटा प्रतिकृयाका रूपमा वर्तमानमा कोरोना (कोभिड-१९)को महामारी हो ।

किनभने यो एकाधिकार पुँजीवादको दुष्परिणामलाई बेवास्ता गरेर जतिसक्दो छिटो सम्पत्ति कुम्ल्याउने र त्यसलाई विकास र सम्बृद्धि देख्ने र त्यसबाट प्रकृति र प्रकृतिजन्य मानव जीवन, पशुपंक्षी, रुखविरुवा जलचर, थलचरआदि सबैको विनासमाथि आफ्नो विकास र सम्बृद्धि चाहने एकाधिकार पुँजीवादका नीतिकर्ता र नेताहरूद्धारा विश्वका गरीब तर प्राकृतिक साधन र स्रोत सम्पन्न देशहरूका मजदुर, किसान लगायतका आम श्रमजीवी वर्गलाई चुस्ने, राष्ट्रिय पुँजीपतिवर्गलाई टाउको उठाउन नदिने र दलाल पुँजीपति वर्गलाई पोस्नका लागि ती देशहरूमाथि गरिएको ब्रम्हलुटको परिणाम हो भन्दा कुनै अत्युक्ति हुँदैन । भित्री उद्येश्य नवउदारवादी अर्थतन्त्रलाई कसरी बलियो बनाउने र ती देशहरूलाई अरु पराधीन र कङ्गाल कसरी बनाउने र देश लुट्ने हतियारलाई स्पातिलो कसरी गर्ने हो भने देखावटीरूपमा 'विकास, उन्नती, प्रगति,सुखी र समृद्धि'को नारा दिएर जनतालाई त्यस्ता ब्रम्हलुटतर्फ लोभ्याउनु हो । सारमा भूमण्डलीकृत पुँजीवादलाई देश बेचिदिने धारणा हो । तर एकाधिकार पुँजीवादका भरौटेहरू, जो विश्वभरीका देशहरूमा सरकारमा छन् र सरकारबाहिर पनि छन्,तिनले राष्ट्र र आम जनतामा समृद्ध ल्याउँछौ भनेर मानिसहरूलाई भ्रमित तुल्याउने प्रयास गर्दै आएका छन्, गर्दैछन् र गरिरहने छन् जवसम्म प्रत्येक गरीव देश र ती देशमा रहने जनता संगठित भएर देशभित्रका र बाहिरका एकाधिकार पुँजीवादका दलालहरू र भरौटेहरूलाई पहिचान गर्ने र तिनीहरूका विरुद्ध सम्झौताहीन संघर्ष गरेर तिनीहरूलाई विश्व रंगमञ्चबाट फयाक्ने काम गर्दैनन, यस्तो एकाधिकार पुँजीवादको शोषणको जातोमा विश्वका गरीव जनता र देश पिल्सीरहने निश्चित छ । र कोरोना (कोभिड-१९)जस्ता महामारी निरन्तर रूपमा दोहोरिरहने छ, आजभन्दा अझ अर्कै विश्वले थाम्न नसक्ने गरी डरलाग्दो रूपमा ।

नेपालजस्ता देशहरूमा एकाधिकार पुँजीवादका पञ्जाहरू कसरी फैलिएका हुन्छन र कसरी त्यसले आफना दलालहरूलाई कामगर्न लगाउँछ भन्ने त केबल निम्न दुई उदाहरण काफी छन् । प्रथम भारतसँगको महाकाली सम्झौता र दोस्रो अमेरिकी परियोजना एमसीसी । विगतमा भारतसँगको महाकाली सम्झौता गर्दाहोस वा अहिले अमेरिकी परियोजना एमसीसीको सन्दर्भमा होस नेपालका लागि एकाधिकार पुँजीवादका भरौटेहरू यही माथि उल्लेखित कुरा 'विकास, उन्नति, प्रगति, सुखी र समृद्धि'को नारा दिएर त नेपाली जनतालाई त्यस्ता ब्रम्हलुटतर्फ लोभ्याउन कोशिस गरेका हुन र फेरी पनि गर्दैछन् । महाकाली सम्झौता गर्दा सरकार र प्रतिपक्षमा रहेर महाकाली सम्झौतामा राष्ट्रघात गरेका थिए आज २४ वषपछि पनि तिनै भरौटेहरूले अमेरिकी परियोजना एमसीसीका लागि नेपालको संसद जो यस्ता भरौटेहरूको खेलमैदान भएकोछ, त्यसबाट पास गर्न जोड दिइरहेका छन्,त्यही 'विकास, उन्नति, प्रगति, सुखी र समृद्धि'को नारामा । फरक केवल यति छ, संसदीय व्यवस्थाको चरित्र र मान्यताअनुसार सरकार प्रतिपक्षमा प्रतिपक्ष सरकारमा छन् ।

देशमा पुँजीवादी विकासका लागि काम गर्ने अस्त्र भनेका बहुराष्ट्रिय कम्पनीहरू, आइएनजीओहरू र देशभित्रका केही दलाल पुँजीपति वर्ग हुन । उनीहरूको प्रमुख काम प्राकृतिक दोहन हो र यसरी प्राकृतिक दोहनबाट उत्पन्न संकट भनेको केबल मानिसलाई मात्रै नभई पृथ्विमा उपलब्ध प्राणीहरू हुन । थलचर र जलचरआदि सबै प्राणीहरू हुन र समग्रतामा विश्वको वायुमण्डल हो । यही परिस्थिति रहीरहेमा अथवा विश्वबाट एकाधिकार पुँजीवादको भूमण्डलीकृत रूपलाई समूल नष्ट नपारेसम्म अहिलेको यो पुँजीवादी उन्मादले मानवलाई भोलि आफु पुरिने खाल्डो आफै बनाई रहेको हुनेछ । किनभने यसले आफनो सुख सुविधा र सम्पन्नताका लागि आफै बस्ने पृथीवीलाई नै संकटमा धकेलिरहेको छ । र यो सुख सुविधा र सम्पन्नताको फल चाख्ने केहि मुठ्ठीभर राष्ट्र हुन र ती मुठ्ठीभर राष्ट्रहरूमा पनि १ देखि ५ प्रतिशत र शासन सत्तामा रहनेहरूलाई मात्रै फाइदा पुगेको देखिन्छ । विश्वको जनसंख्याको यो सानो झुण्डको स्वार्थको लागि आज विश्वका सारा मानव मात्र होइन अन्य प्राणीहरूले समेत अनाहकमा सास्ती भोग्नु परेको र उद्येश्यविहीन वलिदान दिनु परेको तितो यथार्थ वर्तमानको महामारी हो । यीनैका कारण विश्वमा आइरहेको जलवायु परिवर्तन वर्तमान र भविश्यका लागि एउटा ठुलो संकट हो ।

यी खराबीहरूलाई कानुनी रूप दिएर ढाकछोप गर्न विश्व पुँजीवादले 'प्रजातन्त्र'को खोल ओढेकोछ,जसलाई नेपालीमा गणतन्त्रमा अहिले लोकतन्त्र भन्ने गरिएकोछ । यही लोकतन्त्र वा प्रजातन्त्रको खोललाई च्यातचुत नपारेसम्म पुँजीवादी उन्मादले खन्ने गरेको मानवता विरोधी खाल्डोलाई जनताले पहिचान गर्न सकिरहेका छैनन, परिणाम विश्व पुँजीवादले विश्वका जनतामाथि एकछत्र शोषणद्धारा पुँजीलाई केही सीमित व्यक्तिको हातमा गएर थुपार्ने र अन्य बाँकी देशहरूमा सधैंभरि भोक, गरीवी र अनेकौ संकटको स्थिति रहीरहनु पर्ने वाध्यता देखिएको छ ।

संसदीय राजनीतिको मूल्यमान्यता भनेको पुँजीपति वर्ग, दलाल, व्यापारी, ठेकेदार, अन्डरवर्ल्ड डन, सहयोगी दाता, अन्तर्राष्ट्रिय प्रभाव र सुन्दर नाराहरू र आकर्षक डिजाइनरहरूको प्रयोग हो । संसदीय राजनीतिमा चुनाव जित्नको लागि यिनै श्रोतको परिचालन गरी जितिन्छ र यिनैले भने अनुसार राज्यसत्ता चलाउनु पर्ने हुन्छ । सिधा भन्नु पर्दा चुनाव जित्न ठूलो धनराशी खर्चनु पर्दछ । र त चुनाव जित्नेहरूले यीनै उल्लेखित शक्तिहरूको इशारामा शासनसत्ता सञ्चालन गर्न पर्ने वाध्यात्मक अवस्था रहन्छ । ओली सरकार जसले आफूलाई कम्युनिस्ट सरकार भन्दछ, वास्तवमा कम्युनिस्टहरूको सरकार नभई कमाउनिस्टहरूको सरकार हो भन्ने त कोरोना भाइरसका लागि उपलब्ध औषधी र विरामीमाथि भ्रष्टाचार गरेर आफू र आफ्ना दलालहरूका लागि अकुत सम्पत्ति आर्जन गर्ने कसरतमा लागेको स्पष्ट भएको छ । ओली सरकारले जे गरिरहेकोछ, त्यो नवउदारवादको विशवव्यापी रयानीतिभित्रको नेपालमा खेलिएको एउटा खेल हो । नेपाली जनतालाई भ्रममा पारीरहन नवउदारवादकोविशवव्यापीरणनीतिभित्र ओली-प्रचण्ड-देउवाजस्ता विश्व एकाधिकार पुँजीवादका कठपुतलीहरू कोही लोकतन्त्रवादी भएर, कोही समाजवादी भएर अहिले राजनीतिक नौटंकी गरिरहेका छन् । यस्ता नौटंकीहरूलाई मञ्चबाट तल झार्न यीनीहरूले दिने गरेको 'विकास, उन्नति, प्रगति, सुखी र समृद्धि'को नाराभित्र लुकेको उनीहरूको देशविरोधी र जनविरोधी रणनीतिक ग्रान्ड डिजाइनलाई ध्वस्त बनाउने राष्ट्रिय शक्तिको निर्माणको आवश्यकताछ । यही नै दृघकालका निम्ति विश्व एकाधिकार पुँजीवादको अन्त्य हो र सही मानेमा जनताको संयुक्त जनवादी सत्ता र सरकारको स्थापना हो ।

singhhukum683@gmail.com

## कमरेड...

मा रोल्पा जिल्ला थवाङ्ग निवासी कमरेड बर्मन बुढामगरको ९० वर्षको उमेरमा दुःखद निधन भयो । उहाँका श्रीमती, छोरा, छोरी, नाति नातिनी, बुहारी, ज्वाँइ सहितका परिवारजन हुनुहुन्छ । उहाँले नेपाली कम्युनिस्ट आन्दोलन, जनवादी आन्दोलन र १० वर्षको महान् जनयुद्धको समयमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो । पार्टीको निर्णय अनुसार उहाँ संसदीय निर्वाचनको उपयोग गरी सांसद पनि बन्नु भयो । तर वस्तुतः उहाँ संसदीय व्यवस्थाको विरोधी हुनुहुन्थ्यो । उहाँको निधनले नेपाली कम्युनिस्ट तथा जनवादी आन्दोलनमा ठूलो क्षति पुगेको छ । यस दुःखद अवसरमा हाम्रो पार्टी क. बर्मन बुढामगरप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, उहाँका शोक सन्तप्त सबै परिवारजनहरूप्रति पनि गहिरो समवेदना व्यक्त गर्दछ ।'

को हुन बर्मान बुढा ?

कुनैबेला थबाङका बर्मन बुढा भनेपछि रोल्पादेखि राजधानीसम्मका मान्छेलाई टाउको दुखाइको विषय हुन्थ्यो । कछाड उनको परिचय हो । बर्मन भनेपछि कछाड जोडिएर आउँछ । उनले कछाड थबाङमा मात्रै लगाएनन् सिंहदरबारमा पनि पुर्‍याए ।

२०४८ सालको संसदीय चुनावमा रोल्पा क्षेत्र नं. १ बाट सांसद जितेका बुढा घरमै लगाइरहेको कछाडसहित नै संसद् भवन छिरे । सुरु सुरुमा धेरैले उनलाई पागल नै भने । त्यतिबेला जातीय पहिचानको कुरा त्यति साह्रो उठेको पनि थिएन तर उनलाई लाग्यो सांसद हुनेबित्तिकै आफ्नो संस्कार किन छाड्नु ? त्यसैले त उनी काठमाडौ बसिरहँदा पनि गाउँकै पोसाकमा रहे ।

तत्कालीन मुखिया तथा कांग्रेस नेता कृष्ण झाँक्रीको दादागिरीका विरुद्ध लाग्दा २०१२ सालमा कम्युनिस्ट भनेर एक महिना जेल हालिएको थियो । जेलमा कम्युनिस्ट नेताहरू मोहनविक्रम सिंह र खगुलाल गुरुङसँग भेट भयो । झगडिया भएका कारण झाँक्री पनि जेलमै थिए । सिंह र गुरुङले बुढा र झाँक्रीलाई कम्युनिस्ट बनाएर थबाङलाई कम्युनिस्ट गाउँ बनाउने योजना बनाए । त्यसपछि २०१३ सालमा जेलबाट छुटेपछि सिंह र गुरुङले बुढा र झाँक्री पक्षका तीन/तीन जना प्रतिनिधि राखेर थबाङमा पहिलोपटक




कम्युनिस्ट संगठन बनाए । त्यसपछि बुढा नै नेतृत्वमा रहे, झाँक्री ओझेल पर्दै गए ।

बुढाले थबाङलाई एकजुट बनाउन निकै भूमिका खेले । हालसम्म थबाङ एकजुट हुनुका पछाडि उनकै महत्वपूर्ण भूमिका देखिन्छ । २०१५ सालमा गाउँलेले उनलाई मुखिया चुने । २०१५ सालको आम चुनावमा थबाङको सबै भोट कम्युनिस्टलाई गयो । यसको अगुवाइ पनि बुढाले नै गरे । पञ्चायतकालमा उनी थबाङका प्रधानपञ्च भए । २०३७ सालमा जनमत संग्रह हुन थालेपछि सरकारका प्रतिनिधिले जिल्लाका सबै प्रधानपञ्चहरूलाई लिबाङमा बोलाए । सबै पञ्चहरूलाई निर्दलमा भोट हाल्न भनियो । तर बुढा जिल्लामा एक्लै पञ्चायतका विरुद्ध उभिए ।

यही कारण बुढालाई २०३७ मंसिरमा शान्ति सुरक्षा मुद्दा लगाएर २७ महिनासम्म जेल हालियो । सुधारिएको पञ्चायतले २०३८ सालमा आम निर्वाचन गरायो । त्यसलाई पनि थबाङले पूर्ण बहिस्कार गरी शून्य मतदान गरिदियो ।

२०४८ सालको संसदीय निर्वाचनमा संयुक्त जनमोर्चा चुनाव लड्न थाल्यो । बुढाको निर्वाचन क्षेत्र २ नं. अर्थात थबाङ भए पनि जित्न सजिलो भएकाले कृष्णबहादुर महरा त्यहाँबाट उठे भने बुढालाई क्षेत्र नं. १ बाट टिकट दिइयो । गाउँमै राजनीति गरिरहेका बुढा सांसद भएपछि राजधानी काठमाडौ छिर्नुपर्ने भयो तैपनि उनको जीवनस्तरमा कुनै फरक भएन ।

सांसदको कार्यकाल सकिएपछि उनी कछाडसहित सिधै थबाङ फर्किए । गाउँमै पुरानै अवस्थामा राजनीति गर्न थाले । गाउँको अगुवाइ गर्दै उनले त्यसपछिका निर्वाचनहरूमा पनि गाउँलाई एकजुट देखाए । २०५१ सालको मध्यावधि निर्वाचन नेकपा माओवादीले बहिस्कार गर्ने नीति लिएका कारण सिंगो थबाङले बहिस्कार गरिदियो । त्यतिबेला चार मत मात्र खसेको थियो ।

२०५२ सालमा माओवादीले युद्ध थालेपछि थबाङ युद्धमै होमियो । २०५४ को स्थानीय निर्वाचनमा पनि शून्य मतदान भयो । २०५६ को आम निर्वाचनमा सरकारले सदरमुकाम लिवाङबाट दुई जनालाई हेलिकोप्टरमा लगेर मतदान गरायो । अरु बाँकी भोट खसेन । युद्धकालमा दुःख पीडा भोग्दा थबाङ गाउँले एकमुष्ट नै भोग्यो । २०५८ चैत १५ गते नेपाली सेना थबाङ गाउँमा पसेपछि सबै गाउँलेहरू जंगलतिर भागे । गाउँ खाली भयो ।

भोलिपल्ट सेनाले माओवादी पार्टी कार्यालयसहित १३ घरमा आगो लगाइदियो । त्यसपछि सेना ४६ दिनसम्म थबाङमै बस्यो । यसक्रममा ३७ घरहरू जलाइए । थबाङबासीहरू सेना फर्केपछि मात्र ४८ दिनपछि घरमा आए । त्यतिबेला २ सय ५० घरधुरीका अशक्त वृद्धवृद्धाबाहेक ४ सय २२ भन्दा बढी मानिसहरूले घर छोडेका थिए । युद्धकालमा थबाङमा ३३ जनाले ज्यान गुमाए ।

यी सबै पीडा र क्षतिका बाबजुद २०६४ को संविधानसभा निर्वाचनमा थबाङले एकमुष्टरूपमा भोट तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई हालेर जितायो । दाहाल दुई ठाउँ चुनाव लडेका कारण रोल्पा छोडेपछि उपनिर्वाचनमा थबाङले सन्तोष बुढालाई एकमुष्ट भोट दिएर जितायो । २०७० को दोश्रो संविधानसभामा भने थबाङले एक भोट पनि नखसालेर विद्रोह गर्‍यो । यी सबै घटनाक्रममा बुढाको महत्वपूर्ण भूमिका रह्यो ।

थबाङ २०१२ सालदेखि नै क्रान्तिकारी गाउँका रूपमा परिचित छ । थबाङको फरक परिचय छ । २०१३ सालदेखि नै थबाङ कम्युनिस्ट गाउँका रूपमा एकताबद्ध हुँदै आयो । थबाङलाई धेरै कम्युनिस्ट नेताहरूले सेल्टर बनाए तर अवसर पाउँदा उनीहरूले थबाङलाई भुलिदिए । मोहनविक्रम सिंह २०१३ सालपछि फेरि थबाङमा फर्केनन् । पुष्पकमल दाहाल सिंहसँग फुटेपछि मात्र २०४२ सालमा पहिलोपटक थबाङ गएका थिए । २०४३ सालमा थबाङमा तीन दिन बसेर दाहालले ग्रामीण वर्ग संघर्षको खाका तयार पारेका थिए । रोल्पा रुकुम क्षेत्रका मगर समुदाय लडाकु बन्नसक्ने कुराको निष्कर्ष निकाली उनले १० बुँदे दस्ताबेज तयार पारेका थिए ।

यही निष्कर्षका आधारमा दाहालले रुकुम रोल्पाका अधिकांश मगर समुदायका लडाकु सामेल गरेर युद्ध लडे । थबाङलाई आधार इलाका बनाएर दशवर्षे युद्ध लडे तर युद्धपछि उनले थबाङलाई जनताको चाहना अनुसार सम्झन नसकेको बुढाले गुनासो गर्ने गर्दथे ।

# चिनियाँ क्रान्तिकारी साहित्यकार लु सु

**'अभागी'**

सन् १८८१ को सेप्टेम्बर २५ तारिखमा चीनको चेकियाङ प्रान्तको शाउनोशिङ सहरको एक खानदानी परिवारमा लु सुन (ीग ह्गलरीग क्जगल) को जन्म भएको थियो । बालककालमा लु सुनको नाउँ चाउ सूचेन थियो ।

चाउ सूचेनको बाजे मञ्चु दरबारको एक अफिसर थियो । चाउ सूचेन १३ वर्षको छँदा उहाँको बाजे जेलमा पऱ्यो । उहाँको बुबा पनि दीर्घरोगले थला पऱ्यो । उनलाई खानदानी इज्जतअनुसारको उपचार गर्दागर्दै ४ वर्षपछि उनको मृत्यु भयो । त्यसपछि बालक चाउ सूचेनले गरिबी थाहा पाउन थाले ।

चाउ सूचेनकी आमा उनलाई साञ्है माया गर्थिन् । छोरालाई राम्रोसँग पढाएर ठूलो मान्छे बनाउन चाहन्थिन् । त्यसैले तिनले जस्तोसुकै दुःखकष्ट सहेर पनि छोराको पढाइ बिग्रन दिइनन् । त्यस्तै चाउ सूचेनले पनि पढाइमा आफ्नो प्रतिभा चम्काए ।

बाबुको मृत्यु अनभिज्ञ, मूर्ख ताकसिङ वैद्यहरूबाट भएको भन्ने उहाँ सम्झनुहुन्थ्यो । त्यसैले रोगीहरूको उपचार गर्न निपुण वैद्य, डाक्टरको आवश्यकता उहाँले देख्नुभयो । उहाँ एक खप्पिस डाक्टर बनी रोगीहरूको उपचार गर्न चाहनुहुन्थ्यो । बुबाको मृत्युपछि उहाँको परिवार पनि गरिब भयो । त्यसपछि उहाँले गरिब परिवाको दुःखकष्ट बुझ्नुभयो र समाजमा भइरहेको अन्याय, अत्याचार र अन्धकारलाई देख्न थाल्नुभयो ।

उहाँ मिहिनेत गरी पढ्नुहुन्थ्यो । त्यसैले उहाँले स्नातकोपाधि पनि राम्रैसँग उत्तीर्ण गर्नुभयो । स्नातकोपाधि उत्तीर्ण गरिसकेपछि उहाँले जापानमा गएर डाक्टरी पढ्ने विचार गर्नुभयो । डाक्टर बनेर आफ्नो बुबाजस्तै राम्रो औषधी गर्न नपाएर जीवन गुमाउनुपर्ने रोगीहरूको सेवा गर्ने विचार गर्नुभयो । उहाँ जापान सरकारबाट प्राप्त छात्रवृत्ति पाउनका लागि जाँचमा सम्मिलित हुनुभयो । उहाँ आफ्नो प्रतिभाले जाँचमा सफल हुनुभयो ।

सन् १९०२ मा चाउ सूचेन टोकियो पुग्नुभयो । कोबुन कलेजमा भर्ना हुनुभयो । त्यस कलेजमा उहाँले राम्रोसँग पढ्नु भयो । डाक्टर बन्ने उद्देश्य लिएका चाउ सूचेनले १९०४ मा डाक्टरी पढ्ने मौका पाउनुभयो । उहाँ सन् १९०४ मा कोबुन कलेजबाट सेनडाई मेडिकल कलेजमा भर्ना हुनुभयो ।

त्यसबेला चीनमा मञ्चु सरकार थियो । मञ्चु सरकारले गरिब जनतालाई साञ्है दुःख दिएको थियो । चीन त्यसबेला सामन्ती र अर्धउपनिवेश देश थियो । देशमा शोषण, अन्याय, अत्याचार र दमनको राज थियो । जनता चेतित थिएनन् । देश पनि निर्बलियो थियो । त्यसैले देशलाई बलियो बनाउन र जनतालाई चेतना दिन चेतित जनता त्यस अन्धकारमय मञ्चु सरकारको विरोध गर्दथे । हड्ताल, जुलुस र सुधार कार्यक्रम लिएर चिनियाँ जनता आफ्नो उकुसमुकुसलाई व्यक्त गर्दथे ।

विदेशमा गई पढिरहेका युवक विद्यार्थीहरू पनि देशलाई बचाउन मञ्चु सरकारको विरोधमा लागेका थिए । त्यस्तै जापानमा पढिरहेका विद्यार्थीहरू जो मञ्चु सरकारको विरोधमा लागिरहेका थिए, सँग चाउ सूचेन पनि मिल्न जानुभयो ।

चाउ सूचेन साञ्है मिहिनेत गरी पढ्नुहुन्थ्यो । उहाँले थुप्रै साहित्यकारहरूका कृतिहरू पढ्नुभयो । बाइरन, शेली, पुस्किन, हेपनी, पेटाफो किमिविज, लेरमेन्टाफ आदि साहित्यकारहरूबाट खुबै प्रभावित हुनुभयो । त्यसबेला मञ्चु सरकारको विरोधमा चीनमा भइरहेको काम-कारबाही उहाँलाई नून नपुगेको तरकारीजस्तै लागेको थियो । त्यसै बखत उहाँले रुस र जापान युद्धको एउटा सिनेमा हेर्नुभयो । त्यस सिनेमामा एउटा चिनियाँ युवकलाई जासुसको आरोप लगाएर पाता फर्काई बाँधिराखेको दृश्य थियो । अरू चिनियाँहरू तमासे भई हेरिरहेका थिए । त्यो दृश्य हेरिसकेपछि उहाँ डाक्टर बनी रोगीलाई निको पार्नुभन्दा मानिसको मनोवृत्तिलाई औषधी गर्नुपर्ने महसुस गर्नुभयो, रोगीलाई उपचार गर्नुभन्दा मानिसको चेतनालाई उठाउनुपर्ने आवश्यकता देख्नुभयो । त्यसैले उहाँ साहित्यिक क्षेत्रमा उत्रनुभयो । मानिसको मनोवृत्तिलाई औषधी गर्ने र संस्कारलाई उच्च पार्ने सशक्त माध्यम नै साहित्य हो ।

जनता शिक्षित र चेतित नभइकन देशमा परिवर्तन वा क्रान्ति हुँदैन । जनतालाई शिक्षा दिएर चेतित पार्नु ज्यादै आवश्यक छ । त्यसैले शिक्षा फैलाउन र जनतालाई चेतनशील बनाउन उहाँ साहित्यको फाँटमा उत्रनुभयो । उहाँले प्रसिद्ध साहित्यकारहरूको रचना अनुवाद गर्न थाल्नुभयो । आफ्नै मौलिक रचनाहरू पनि लेख्नुभयो । जापानमै बसेर उहाँले 'नयाँ जुनी' नामको पत्रिका निकाल्न खोज्नुभयो । तर, पैसाको अभावले त्यसलाई निकाल्न सक्नुभएन ।

सन् १९०९ मा चाउ सूचेन जापानबाट चीन फर्कनुभयो । त्यसबेला सन् १९११ को क्रान्तिको लागि भित्रभित्रै तयारीहरू भइरहेका थिए । सन् १९११ मा डा. सनयात सेनको नेतृत्वमा चीनमा क्रान्ति भयो । त्यसबेला चाउ सूचेन माध्यमिक विद्यालयमा पढाउनुहुन्थ्यो । उहाँ क्रान्तिमा भाग लिन विद्यार्थीहरूलाई ठूलो प्रेरणा दिनुहुन्थ्यो ।

> **जनता शिक्षित र चेतित नभइकन देशमा परिवर्तन वा क्रान्ति हुँदैन । जनतालाई शिक्षा दिएर चेतित पार्नु ज्यादै आवश्यक छ । त्यसैले शिक्षा फैलाउन र जनतालाई चेतनशील बनाउन उहाँ साहित्यको फाँटमा उत्रनुभयो । उहाँले प्रसिद्ध साहित्यकारहरुको रचना अनुवाद गर्न थाल्नुभयो । आफ्नै मौलिक रचनाहरु पनि लेख्नुभयो । जापानमै बसेर उहाँले 'नयाँ जुनी' नामको पत्रिका निकाल्न खोज्नुभयो । तर, पैसाको अभावले त्यसलाई निकाल्न सक्नुभएन**

सन् १९११ को क्रान्तिले मञ्चु सरकार ढल्यो । त्यस क्रान्तिको नेतृत्व पुँजीवादी विचारधाराका मानिसहरूले गरेका थिए । त्यसैले चिनियाँ जनताले आशा गरेको फल देख्न पाएनन् । त्यस क्रान्तिमा मजदुर किसानको प्रतिनिधित्व थिएन । त्यसैले सरकार फेरिए पनि जनताको दुःख कष्ट फेरिएन ।

सन् १९१७ को रुसी अक्टोवर क्रान्तिले चिनियाँ जनताको आँखा खुल्यो । जन-बलको महत्व बुझे । चाउ सूचेन जनतासँग मैदानमा उत्रनुभयो । 'लु सुन' भन्ने गुप्त नाउँले लेखहरू छपाउनुभयो । सन् १९१८ मा लु सुन नाउँबाट 'एक बहुलाको डायरी' कथा 'न्यू यूथ' पत्रिकामा छपाउनुभयो । त्यस पत्रिकाको सम्पादक मण्डलमा लि ता-चाउ (१९२७ मा मारिनु भएका) पनि हुनुहुन्थ्यो । 'न्यू यूथ' पत्रिकाले सांस्कृतिक क्रान्ति र जनवादको लागि मङ्गलाचरण गाउन सुरु गरेको थियो ।

सन् १९११ को क्रान्तिबाट शिक्षा लिएर लु सुनले कलम चलाउनुभयो । लु सुनका लेखहरूले जनचेतना जगाउन ठूलो भूमिका खेल्यो । त्यसैले उहाँलाई चीनमा आधुनिक साहित्यका पिता मानिन्छ ।

लु सुन क्रान्तिकारी लेखक हुनुहुन्थ्यो । तर, उहाँ कलममात्र समाउने क्रान्तिकारी थिएनन् । उहाँ आन्दोलनहरूमा पनि भाग लिनुहुन्थ्यो । सन् १९२६ को मार्च महिनामा तुवान ची जुइमा भएको विद्यार्थी हत्याकाण्डको विरोध प्रदर्शनमा लु सुनले सक्रिय भएर भाग लिनुभएको थियो । उहाँ लि ता-चाउझैं जनप्रित तथा चेतना दिने पथप्रदर्शक हुनुहुन्थ्यो । उहाँले १९२१ मा 'आह क्यूको साँचो कथा' छपाएर मुकुण्डोधारी क्रान्तिकारीहरूसित होसियार रहन आह्वान गर्नुभयो ।

सन् १९२७ को सुरुमा लु सुन क्वाङ चाओ (क्यान्टन) जानुभयो । १९२७ मा स्वेच्छाचारी च्याङ काई शेकले जनताप्रति विश्वासघात गरेर कम्युनिस्टहरू र क्रान्तिकारी जनताको निर्मम हत्या गऱ्यो, कयौं क्रान्तिकारीहरूलाई जेलमा थुन्यो । त्यो देखी लु सुन साञ्है रिसाउनुभयो । उहाँले गिरफ्तार गरिएका कम्युनिस्टहरू र क्रान्तिकारीहरूलाई भगाउने प्रयास गर्नुभयो । त्यसपछि उहाँ क्यान्टनबाट शाङ्घाई जानुभयो ।

सन् १९२८ मा उहाँले शाङ्घाइबाट 'पेन-लिउ' (भेउ) नामको पत्रिका निकाल्नुभयो । शाङ्घाइमा उहाँ रिभोलुशनरी म्यूचुयल एण्ड सोसाइटीको सदस्य बन्नुभयो । सन् १९३० मा स्वतन्त्र चीन लीग स्थापना गर्नुभयो र त्यसमा उहाँले पछिसम्म पनि काम गर्दैरहनुभयो । उहाँले मार्क्सवाद-लेनिनवादको गहिरो अध्ययन गर्नुभयो र एक महान् कम्युनिस्ट बन्नुभयो । तर, प्रतिक्रियावादी साहित्यकारहरू उहाँलाई कम्युनिस्ट मान्न इन्कार गर्छन् । प्रतिक्रियावादी साहित्यकारहरूले उहाँमाथि हमला गरे । तर, उहाँले ती सबै प्रतिक्रियावादीहरूसित दृढ भई सङ्घर्ष चलाउनुभयो । त्यसैले उहाँ भन्नुहुन्थ्यो, 'रिसले खुम्चिएको निधार लिएर मतिर तेर्स्याइएका हजारौं औंलाहरूको घृणापूर्वक सामना गर्दछु तर गोरुझैं नम्र हुँदै आफ्नो टाउको निहुऱ्याएर केटाकेटी (जनता) को सेवा गर्छु ।' त्यसैबेला लु सुनले पानीमा डुबेको बहुला कुकुरलाई खुब पिट्ने सिद्धान्त पेश गर्नुभएको थियो ।

सन् १९२७ मा कोमिन्ताङ सरकारले घेराहाल्ने र निर्मूल पार्ने अभियान लिएर जनतामाथि क्रुर दमन गरेर सेतो आतङ्‍ मच्चाएको थियो । लु सुनले त्यस प्रतिक्रियावादी नीतिको चिरफार र विरोध गरी १३० भन्दा बढी उपनामहरू राखी लेखहरू छपाउनुभयो । २०० भन्दा बढी निबन्ध छपाएर त्यस जनविरोधी तथा राष्ट्रविरोधी नीतिको विरोध गर्नुभएको थियो । त्यसैले अध्यक्ष माओले उहाँलाई 'चीनको सांस्कृतिक क्रान्तिका प्रमुख कमाण्डर हुनुहुन्थ्यो, उहाँ महान् विद्वानमात्र हुनुहुन्नथ्यो, एक महान् विचारक र क्रान्तिकारी पनि हुनुहुन्थ्यो' भन्नुभएको थियो ।

लु सुनले थुप्रै कथा, निबन्ध, कहानी र कविता लेख्नुभयो । उहाँले कथा संग्रहको तीन ठेली, निबन्ध, गद्य कविताको सोञ्ह ठेली, 'किनार-बाल लेख' भनी एकसठ्ठीवटा लेखको ठेली र चिए चिए-तिङ निबन्ध तीन ठेली मौलिक पुस्तकहरू लेख्नुभयो । त्यस्तै थुप्रै अरू अनुदित पुस्तकहरू छन् । १९३१ मा उहाँले प्रतिक्रियावादी शासकहरूको विरुद्ध 'अन्धकारमय चीनमा कलाको वर्तमान अवस्था' शीर्षकको लेख लेख्नुभयो । त्यसलाई चीनको कुनै पनि पत्र-पत्रिकाले छाप्ने साहस गरेन । त्यसैले उहाँले त्यसलाई अङ्ग्रेजीमा अनुवाद गरी विदेशी पत्रिकामा छाप्न पठाउनुभयो ।

सन् १९३०-३९ का वर्षहरूमा कोमिन्ताङ्ग प्रतिक्रियावादीहरूले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेका ग्रामीण आधार क्षेत्रहरूलाई सशस्त्र घेराबन्दी र दमन गर्ने नीति अघिसारी जापानी साम्राज्यवादले सारा चीन कब्जा गर्ने युद्धको तयारी गर्दै थियो । देशबाट जापानी साम्राज्यवाद धपाउन र कोमिन्ताङ्ग प्रतिक्रियावादीहरूबाट मुक्त गर्न १९३४ मा कम्युनिस्ट पार्टीको नेतृत्वमा विश्वविख्यात 'लामो हिँडाइ' सुरु भयो । १९३५ मा लु सुन शाङ्घाईमा हुनुहुन्थ्यो । त्यसबेला लामो हिँडाइमा गएका लालसेना उत्तरी शेन्शी पुगेको खबर लु सुनले पाउनुभयो । त्यसबेला उहाँले अध्यक्ष माओ त्सेतुङलाई एक बधाई सन्देश पठाउनुभयो । त्यसमा उहाँले लेख्नुभयो, 'चीनको र मानव-जातिको आशा तपाईंमा केन्द्रित छ ।'

जीवनको अन्तिम घडीमा लु सुन शाङ्घाईमा हुनुहुन्थ्यो । बिरामी अवस्थामा पनि उहाँले लेख्ने काम रोक्नुभएन । उहाँलाई साथीहरूले आराम लिन सल्लाह दिन्थे । ती साथीहरूलाई उहा जवाफ दिनुहुन्थ्यो, 'म निस्क्रिय भएर धेरै वर्ष बाँच्नुभन्दा सक्रिय भएर थोरै वर्ष बाँच्न चाहन्छु ।' त्यसबेला उहाँ 'श्वी माओ युङलाई जवाफ र जापानी आक्रमण विरोधी संयुक्त मोर्चाको प्रश्न' शीर्षकको लेख लेख्दै हुनुहुन्थ्यो । त्यो नै उहाँको अन्तिम लेख थियो ।

यसरी ठूलो परिश्रम गर्दागर्दै सन् १९३६ अक्टोवर १९ तारीखमा उहाँ चिरनिद्रामा सुत्नुभयो । त्यसबेला उहाँ मात्र ५६ वर्षको हुनुहुन्थ्यो ।

मेरो गुरु लु सुन

(लु सुनकी पत्नी शु क्वाङफिङद्वारा उहाँको स्मृतिमा रच्नुभएको एक कविता)

*मन हाम्रो विरहले व्याकुल छ,*
*तिम्रो मृत्युमाथि हामी के भनौं !*
*तिमीले मलाई एकपल्ट भन्यौ-*
*'हुँ म एक गाई समान,*
*खान्छु घाँस, दिन्छु दूध र रगत ।'*
*जानेनौ तिमीले कहिल्यै आराम र मनोरञ्जन*
*काममाथि हुन्थ्यो सधैं ध्यान तिम्रो*
*मृत्युको अघिल्लो दिनसम्म लेख्यौ ।*
*अब हामी सबै मिली आशा गरेर*
*डटिरहौंला तिम्रै पदचिन्हमाथि ।*

## सीमामा नेपाली सुरक्षाकर्मीमाथि भारतीयबाट पुनः आक्रमण, लकडाउनको ४ महिनामा दर्जनौं पटक आक्रमण







काठमाडौं । सीमा सुरक्षामा खटिएका नेपाली सुरक्षाकर्मीमाथि भारतीयबाट पुनः आक्रमण भएको छ । शनिबार रौतहटको परोहा-९ स्थित नरकटिया नाकाबाट नेपाल प्रवेश गर्न लागेका दुई भारतीय महिलालाई रोक्ने क्रममा सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीमाथि आक्रमण भएको छ । सरमझुवास्थित बोर्डर आउट पोस्ट(बीओपी) को टोलीमाथि भारतीय नागरिकको समूहले आक्रमण गरेको हो ।

कोरोना भाइरसको संक्रमण बढिरहेका बेला भारतीय महिलालाई नआउन अनुरोध गर्दा प्रहरी टोलीमाथि हँसियाले आक्रमण गरेको सशस्त्र प्रहरी ११ नम्बर गण रौतहटका प्रमुख एसपी रविनराज कर्णजितले बताए । पूर्वी चम्पारण, कबैया ६ अर्सलवाकी सीमादेवी कुसवाहाले हँसियाले सशस्त्र प्रहरीमाथि प्रहार गरेकी हुन् । त्यसपछि आत्मरक्षाका लागि सशस्त्रले एक राउण्ड हवाई फायर गरेको एसपी कर्णजितले जनाए ।

आक्रमणबाट सशस्त्र प्रहरीका एक जना जवानको हाट काटेको उनले जानकारी दिए । घटनापछि सीमा क्षेत्रमा केहीबेर तनाव उत्पन्न भएको थियो । भारतीयहरूको समूहले सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीमाथि हातपात गर्दै हतियार खोस्ने प्रयास समेत गरेका थिए ।

सरकारले चैत ११ गते देशभर लकडाउन घोषणा गरेसँगै भारतसँग जोडिएका सीमा नाका 'सिल' भएपछि भारतीयहरूबाट श्रृङ्खलाबद्ध आक्रमण भएको छ । विभिन्न तस्कर समुहदेखि अन्य आपराधिक समूहको निसानमा सीमा सुरक्षाकर्मी परिरहेका छन् । गत शुक्रवार सुनसरीको सशस्त्र प्रहरी बोर्डर आउट पोस्टमा खटिएको टोलीमाथि शुक्रवार आक्रमण भएपछि प्रतिकार गर्दा गोली चलाउनु पऱ्यो । भारतीय तस्करले विषयमा प्रहरीको हतियार खोस्न खोजेपछि झडप भएको थियो ।

झडपमा २० वर्षीय सवाज अन्सारीलाई पेटमा गोली लाग्यो । सशस्त्र प्रहरीका जवान जीवराज विसङ्के घाइते भए । घाइते दुवै जनालाई धरानस्थित बीपी स्वास्थ्य प्रतिष्ठानमा उपचारको लागि लाग्यो ।

जेठ १८ गते बिहान करिब साढे ६ बजे सर्लाहीको विष्णु गाउँपालिका २ पकडी स्थित दशगजा इलाकामा बोर्डर आउट पोस्ट (बीओपी) सिमराबाट खटिएको सशस्त्र प्रहरी सहायक निरीक्षकको टोलीले भारतबाट नेपाल प्रवेश गर्न लागेकालाई रोक्न खोज्यो ।

एक जना पुरुष सुरुमा नेपाल छिर्न खोजेका थिए । प्रहरीले रोकेपछि उनी गाँउ फर्किए । तर, उनी फेरि सीमामा आए । यसपटक उनी एक्लै थिएनन् । उनको साथमा ३० र ४० जनाको समूह नै आएको थियो । उनीहरूले सशस्त्रको हतियार खोस्न खोजे अनि झडप भयो ।

लकडाउन सुरु भएपछि अहिलेसम्म सीमामा खटिएका सशस्त्र प्रहरीमाथि भारतीय समूहले चैत ११ गतेदेखि १७ ठाउँमा आक्रमण भएको छ । यसरी आक्रमण गर्ने धेरैजसो तस्कर समूह नै हुने गरेको प्रहरीको दावी छ ।

झापादेखि पश्चिम नवलपरासी जिल्लाको भारतीय सिमावर्ती क्षेत्रमा खटिएका सुरक्षाकर्मी र भारतीय समूहबीच पटकपटक झडप भएको छ । यही झडपमा प्रहरीको गोली लागेर जेठ ३० गते एक भारतीय नागरिकको मृत्यु भएको थियो । झडपमा तीन जना सशस्त्र प्रहरी घाइते भए । तस्कर समूहलाई प्रवेशमा रोक लगाएपछि उनीहरूले प्रहरीमाथि आक्रमण गरेका थिए । सिमामा विभिन्न समस्या भोगेर भएपनि पनि चौविसै घण्टा तैनाथ भएर सिमा ठप्प पारेपछि तस्करहरूले सशस्त्र माथि प्रहार गर्न थालेको प्रहरी अधिकृतहरू बताउँछन् ।

सर्लाहीको पर्सा गाउँपालिका वडा नम्बर ३ नारायणपुरमा रहेको सशस्त्र प्रहरी बलको सीमा निगरानी पोस्टले अबैध रूपमा नेपाल प्रवेश गर्न खोज्नेलाई रोकेपछि विवाद उत्पन्न भएको थियो । त्यही क्रममा भारतीय समूहले ढुङ्गामुढा र हतियार देखाउन थालेपछि गोली चलाउँदा भारतीयको मृत्यु भएको थियो ।

जेठ महिनामा सबैभन्दा धेरै झडपका घटना भएको देखिन्छ । लकडाउनमा यसरी भएको घटनामा सशस्त्र प्रहरीका १८ जना घाइते भएका छन् । केही पोस्टमा क्षति पुगेको छ ।

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## राज्यव्यवस्था...

विगत झण्डै तीन वर्षका अनुभवव्दारा शिद्ध भैसकेको छ । त्यसैकारण, आज सर्वत्र, यो सरकारको र व्यवस्थाको विकल्पका विषयमा चर्चा चल्न थालेको छ । मुख्य समस्याहरू के के हुन् र सही विकल्प के हुन सक्छ भन्ने विषयमा यहाँ केही चर्चा गर्ने प्रयत्न गरिएको छ ।

***नेपालको नक्शा प्रकरण***

यही २०७७ साल ज्येष्ठ ५ गते सरकारव्दारा लिम्पियाधुरा, कालापानी र लिपुलेक समावेस भएको नेपालको नक्शा जारी गरियो । त्यस कदमलाई हामीले सकारात्मक ठानेका छौं । यसलाई हामीले संघर्ष गर्दै आएको एउटा माग पुरा भएको रूपमा लिएका छौं । यसलाई ओली देशभक्त भएको कारणले उनैको योगदानको कारण भएको भन्ने प्रचारवाजी पनि खासगरी सरकारी पक्षबाट हुने गरेको छ । तर, तथ्यहरूले के दर्शाउँछन् भने सरकारले यो काम जनदवावका कारण गर्न वाध्य भएको हो । भारतीय अतिक्रमणका विरुद्ध देशभक्त नेपालीहरूले र विशेषतः वामपन्थी पार्टीहरूले लामो समयदेखी संघर्ष गर्दै आएका हुन् । पछिल्लो चरणमा नेकपा(क्रान्तिकारी माओवादी)को पहल र निर्देशनमा देशभक्त जनगणतान्त्रिक मोर्चाव्दारा २०७५ साल फागुन ७ गते देखि २१ गते सम्म 'मेची महाकाली अभियान' नै संचालन गरिएको थियो । त्यसको उद्घाटन एकैसाथ काकडभिट्टा, गय चौकी, काठमाडौं र पोखरामा गरिएको थियो । यो अभियान नै नेपालको वास्तविक (चुच्चे) नक्शा र भारतले बनाएर नेपाल सरकारले समेत प्रयोगमा ल्याउने गरेको (बुच्चे) नक्शालाई देखाएर जनतामा मिचिएको भू-भागका विषयमा समेत जानकारी र जागरण पैदा गराउने काम भएको थियो । त्यसपछि पनि काठमाडौं उपत्यकाका कतीपय नगरपालिकाका वडा वडामा गएर कार्यालयमा टाँगिएका नक्शा झिकेर वास्तविक नक्शा टाँग्ने काम पनि भएको थियो । यो कार्यक्रममा विभिन्न जिल्लामा पनि कार्यक्रम संचालन गरिएको थियो । त्यस दौरानमा त्यो मागलाई अघिसारेर जुलुस, सभा आदि कार्यक्रम गरिएको थियो । कतीपय विरोध कार्यक्रममा सरकारले प्रदर्शनकारी माथि लाठि बर्साएको र नेता, कार्यकर्ताहरूलाई गिरफ्तार गरी हिरासतमा राखेका जीवन्त घटनाले यो तथ्यलाई पुष्टि गरेका छन् । भारत सरकारले २०७६ कार्तिक १६मा दार्चुला जिल्लाको लिम्पियाधुरा, कालापानी, लिपुलेक सहितको भूभागलाई आफ्नो देशमा गाभी नयाँ नक्सा सार्वजनिक गरेपछि देशभक्त नेपालीहरूमा त्यसले थप उव्देलन पैदा गरायो । त्यस पछि भारत सरकार रक्षा मन्त्रीले उक्त भू-भागबाट भारत सरकारले तीब्बतको मानसरोवरसम्म जाने सडक निर्माण गरेको चित्र दिल्लीमा भएको पत्रकार सम्मेलनमा प्रदर्शन गरेपछि त्यो देशभक्त नेपालीलाई सह्य हुन सकेन । उनीहरू लक्डाउनको पनि परवाह नगरी सडकमा उत्रिए । सत्ताधारी नेकपा ले पनि यो नक्शा प्रकाशित गर्नु पर्छ भन्ने निर्णय गर्‍यो । यी सबैको कारणले मात्र यो सरकारले नक्शा प्रकाशित गर्ने निर्णय गरेको हो । नक्शा प्रकाशित भएपछि सरकार कानमा तेल हालेर किन बसिरहेको छ ? फेरी हामीले घच्घच्याउनै पर्छ । देशभक्तहरू सडकमा उत्रनै पर्छ ।

***एमसीसी प्रकरण***

अमेरिकी सरकारको रक्षा मन्त्रालयव्दारा प्रस्तावित 'हिन्द प्रशान्त रणनीति' सँग गाँसिएको 'मिलेनियम च्यालेंज कर्पोरेसन' सँग नेपाल सरकारका अर्थ मन्त्रीहरूले पटक पटक गरेको 'मिलेनियम च्यालेंज कम्प्याक्ट' सम्झौताको राष्ट्रघाती चरित्र भएको विषयमा धेरै चर्चा भैरहेकै छ । त्यसमा अमेरिकी सरकारले नेपाललाई सहयोगका रूपमा दिने भनिएको ५५ अरब रु वास्तवमा आर्थिक सहयोग नभएर त्यो नेपालको राष्ट्रिय सार्वभौमिकता अमेरिकाको हातमा सुम्पेर उसैको सुरक्षा छातामा देशलाई लैजाने परियोजना हो । नेपालका अर्थ मन्त्री र एम्सीसीका कर्मचारीका वीचमा सम्झौता त भैसकेको छ । तर त्यसलाई संसदले पारित गर्नु पर्ने प्रावधान अनुसार यही गएको असार १६ गते सम्ममा पारित गरिसक्नु पर्ने सीमा तोकिएको थियो । यसलाई पारित गर्ने पक्षमा ओली सरकार, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र अन्य केही दलहरू तयार भएर बसेका थिए । नेकपा(क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा लगायतका ११ दलका साथै अन्य कतिपय देशभक्त शक्तिहरू र नेकपा भित्रकै देशभक्तहरू यसको विरोधमा उत्रिए पछि त्यो तोकिएको समयमा संसदमा यो टेबुल नै भएन र यसपालीलाई यो स्थगित हुन पुगेको छ । यो पनि नेपालका देशभक्तहरूको सानो तिनु सफलता नै हो । तर, यत्तिकैमा अमेरिका आफ्नो रणनीतिक योजनाबाट पछि हट्ने वाला छैन । हामीले फेरी पनि यो संघर्षलाई अघि बढाउनु पर्ने आवश्यकता छ ।

***कोरोना भाइरसको समस्या***

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसको रोकथाम र नियन्त्रणकालागि भनेर ०७६ चैत्र ११ गते देखि लगाइएको लकडाउनले सरकारको योजना विहीनता, कमिशनतन्त्र र भ्रष्टाचार, असक्षमता आदिका कारण सफल हुन सकेन । पछिल्लो चरणमा गएर त्यो लकडाउन राम्रोसँग लागु नै पनि हुन सकेको थिएन । यी हरफ लेखिँदासम्म संक्रमितको संख्या १७ हजार नाघेको छ, ४२ जनाको मृत्य भैसकेको छ र संक्रमण समुदायमा फैलिएको भनी डाक्टरहरूनै भनिरहेका छन् । यस्तो बेलामा सरकारले अन्तर्राष्ट्रिय उडान संचालन गर्ने देखि लिएर होटल, विद्यालय र सबै खुला गर्ने योजना बनाएर नेपाली जनताको जीवनमा ठुलो जोखिम पैदा गर्दैछ । नेपाली जन जीवनको सुरक्षाको निमित्त पनि संघर्ष आवश्यक छ ।

***बेरोजगारीको समस्या***

नेपालमा यसैपनि गम्भीर वेरोजगारीको समस्या त छँदै थियो । नेपालीहरू विश्वका कुना कुनासम्म पुगेर दुख कष्ट उठाएर यो समस्याको केही समाधान भएको थियो । त्यतैबाट आएको रेमिट्यान्सबाट शाषकहरूले मस्ती गरिरहेका थिए । तर, कोरोनाको कारण रोजगारी खोसिएको हुनाले करिब २० लाख बेरोजगारहरू नेपालमा थपिँदैछन् भन्ने अनुमान छ । यो समस्यालाई यो सरकारले थेग्न सक्ने संभावना देखिँदैन ।

***अन्य समस्याहरु***

अन्य अनगिन्ती समस्या त यहाँ छँदैछन् । तिनका समाधान यो सरकारले गर्ला भनेर पत्याउन सक्ने कुनै आधार छैन ।

***व्यवस्थाको विकल्प खोजौं***

नेपालमा यो विकराल स्थिति जुन पैदा भएको छ, त्यो केवल ओली सरकारको मात्र दोष हो ? त्यो मात्र होइन । के पी ओली स्वयम् यो व्यवस्थाले जन्माएको एकजना पात्र हुन् । उनलाई हटाएपछि सबै ठिकठाक हुनेछ भन्नु महाभुल हुनेछ । उनी यसकालागि मुख्यरूपमा जिम्मेवार त हुन् नै । तर यी तमाम समस्या मुलतः बेठिक व्यवस्थाको कारणबाट सिर्जना भएका हुन् । समस्याको ठिकसँग पहिचान हुन सकेन भने सही समाधान निस्कन सम्भव हुँदैन । त्यसकारण अब हुने आन्दोलन व्यवस्थाकै विकल्पमा केन्द्रीत हुनु पर्ने आवश्यकता छ । नेकपा(क्रान्तिकारी माओवादी)ले यो लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले उपरोक्त समस्याको समाधान गर्न सक्दैन भन्ने प्रष्ट पार्दै आएको छ । यसका निमित्त नेपालमा संघीय जनगणतान्त्रिक व्यवस्थाको स्थापना गर्नु पर्छ भन्ने दिशा निर्दिष्ट गरेको छ । अब हुने जन आन्दोलनमा यो विकल्प अघि सार्नु आवश्यक छ ।

***सरकारको विकल्पमा ठोस कार्यनीति***

के पी ओली नेतृत्वको सरकारको सर्बत्र विरोध भैरहेको छ । यो सरकार असक्षम भएको तथ्य उजागर भैसकेको छ । के पी ओली हट्नु पर्छ भन्ने माग सत्ताधारी नेकपाबाट नै पनि व्यापक रूपमा उठिरहेको छ । अब यो सरकार टिक्न सक्ने आधार देखिँदैन । यो सरकारलाई हटाएर कस्तो सरकार बनाउने ? भन्ने विषयमा जुन अलमल थियो, त्यस विषयमा नेकपा (क्रान्तिकारी माओवादी)को भर्खरै बसेको पोलिट ब्युरोको बैठकले समाधान दिएको छ । बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनमा यसबारे यसरी प्रकाश पारिएको छ : 'साथै प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्था अन्तर्गतका कुनै पनि राजनीतिक शक्तिको यो वा त्यो सरकार वास्तविक विकल्प बन्न सक्दैन र बन्नु हुँदैन । हामीले संघीय जनगणतन्त्र, नेपाल र देशभक्त तथा जनगणतान्त्रिक शक्तिहरूको सरकार स्थापनाको नारालाई प्रचारात्मक (Agitational) रूपमा सशक्त ढंगले पस्तुत गर्नु पर्दछ । यसरी नै हामी नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद तर्फ अगाडि बढ्न सक्दछौं ।' नेपाली समाजमा विद्यमान समस्याहरूको समाधानकालागि पार्टीले लिएको यो धेरै महत्वपूर्ण निर्णय हो । यसले एउटा प्रतिकृयावादी सरकारका विरुद्ध संघर्ष गर्दा केही सामान्य मागहरूमा मात्र सीमित हुने होइन कि देशभक्त जनगणतान्त्रिक शक्तिहरूको सरकार नै बनाउने लक्षका साथ अघि बढ्नकालागि यसले बाटो खोलि दिएको छ । यसले समग्र क्रान्तिकारी शक्तिहरू र जनतामा नयाँ उत्साह थप्ने छ । यसले एउटा निकास दिएको छ ।

*२०७७ / ४ / १०*

## अब भूमि...

मूद्दालाई पार्टीको प्रमुख मुद्दा (एजेण्डा) बनाएर संघर्ष गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नै आन्दोलनको दबाबमा नक्सा जारी भएको सन्दर्भमा अब अतिक्रमित भूमि फिर्ताका लागि देशव्यापी संघर्ष उठानको तयारी गरेको छ । उसले ११ दलीय मोर्चालाई पनि अबको संघर्षमा थप वृहत्, सशक्त र प्रभावकारी बनाउन पहल बढाउनुपर्ने ठहर गरेको छ । एकल र संयुक्त संघर्ष उठानका निम्ति क्रान्तिकारी माओवादी यतिखेर आन्तरिक गृहकार्यमा जुटेको छ । पार्टीको पीबीको बैठक सकिएसँगै प्रदेशहरूका बैठकहरू अहिले धमाधम भइरहेका छन् । जनवर्गीय संगठन तथा जातीय मोर्चाहरूलाई पनि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आन्दोलनमा सक्रिय बनाउन सम्बन्धित जबस मोर्चाहरूका बैठकहरू बसिरहेको सम्बद्ध स्रोतले जनाएको छ ।

क्रान्तिकारी माओवादीले अतिक्रमित भूमि फिर्ताका लागि बलिया तथ्य प्रमाणहरूसहित १) कुटनीतिक वार्तालाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने, २) यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने, ३) कालापानीबाट भारतीय सेना हटाई सबै अतिक्रमित भूमिमा नेपाली सुरक्षाकर्मी (मुख्यतः नेपाली सेना) तैनाथ गर्नुपर्ने, र ४) देशव्यापी रूपमा त्यसका लागि दबाब आन्दोलन सृष्टि गर्नुपर्ने । आदि आवश्यकता औल्याउँदै आएको छ ।

भारतले कति ठाउँमा मिचेको छ नेपाली भूमि ?

सीमा सुरक्षाका लागि परिचालित सशस्त्र प्रहरी स्रोतका अनुसार भारतले लिम्पियाधुरा, लिपुलेक कालापानीसहित पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३६१ स्थानमा नेपाली भूमि अतिक्रमण गरेको पाइएको छ । नेपाल-भारत सीमा १८ सय किलोमिटर दूरीसम्म जोडिएको छ । सीमा सुरक्षाको मुख्य दायित्व निर्वाह गर्दै आएको सशस्त्र प्रहरी बलको अध्ययनअनुसार इलाममा भारतले ९ स्थानमा सीमा अतिक्रमण गरेको छ ।

झापामा भारतीय पक्षबाट तीन स्थानमा सीमा अतिक्रमण भएको छ । मोरङमा पाँच स्थानमा भारतीय पक्षबाट नेपाली भूमि अतिक्रमित हुँदा सुनसरीमा २० स्थानमा सीमा अतिक्रमणमा परेको छ । मोरङमा भारतीय पक्षले दशगजा नजिक पक्की, कच्ची सडक, पर्खाल र मन्दिरसमेत निर्माण गरेको पाइएको छ । सप्तरीमा १२ स्थानमा अतिक्रमण गरिएको छ भने सिरहामा २५ स्थानमा सीमा भारतीय पक्षले अतिक्रमण गरेको छ । सप्तरीका दुई स्थानमा भारतीय पक्षले कलभर्ट नै निर्माण गरेको छ । सिरहामा पनि भारतीय पक्षले नेपाली भूमि कब्जा गरेर पक्की सडक निर्माण गरेको पाइएको छ ।

धनुषामा भारतीय पक्षले ३५ स्थानमा नेपाली भूमिमा कब्जा जमाएको छ भने महोत्तरीमा १९ स्थानमा अतिक्रमण गरेको छ । महोत्तरीमा केही स्थानमा भारतीय पक्षले कब्जा गरेको नेपाली भूमिमा बाटो नै बनाएको पाइएको छ । सर्लाहीका ८४ स्थानमा नेपाली भूमि अतिक्रमणमा परेको छ । सर्लाहीमा भारतीय पक्षले दशगजामा माटो भरेर सडक निर्माण गरेको पाइएको छ । अन्तरराष्ट्रिय मान्यताअनुसार दशगजामा कुनै पनि कार्य गर्दा दुवै देशको अनिवार्य सहमति आवश्यक हुन्छ । यस्तै रौतहटमा ७ स्थानमा नेपाली भूमि मिचिएको छ भने बारामा ४ स्थानमा । रौतहटमा भारतीय पक्षले बाँध नै निर्माण गरेको छ भने बारामा बाटो, बाँध र कुलोसमेत भारतीय पक्षले नेपाली भूमिमा निर्माण गरेको छ ।

सबैभन्दा बढी भारतीय पक्षले पर्सामा नेपाली भूमि अतिक्रमण गरेको पाइएको छ । पर्सामा मात्रै १२१ स्थानमा भारतीय पक्षले नेपाली भूमि अतिक्रमण गरेको छ । पर्सामा दशगजामा नै भारतले कुष्ठरोग अस्पतालसँगै मन्दिर निर्माण गरेको पाइएको छ । नवलपरासीमा भारतीय पक्षले १४ हजार हेक्टर नेपाली भूमि अतिक्रमण गरेको छ । २०३४ सालमा नारायणी नदीमा ठूलो बाढी आउँदा नेपालतर्फको कुल भूभागको क्षेत्रफल ४० हजार ९ सय हेक्टर कायम थियो । बाढी आएपछि भारतीय पक्षले नेपाली भूमि अतिक्रमण गरेको थियो ।

नवलपरासीको सुस्ता क्षेत्र अन्तरराष्ट्रिय रूपमा नै सीमा मिचिएको विषयले चर्चित छ । कैलालीमा पनि भारतीय पक्षले सीमा अतिक्रमण गरेको पाइएको छ । कतिपय स्थानमा सीमास्तम्भ नै भत्काइएको छ । भारतीय सीमा अतिक्रमणका कारण चर्चामा रहेको सुदूरपश्चिमको जिल्ला हो, कञ्चनपुर । कञ्चनपुरमा भारतीय पक्षले १७ स्थानमा सीमा मिचेको छ । भारतीय पक्षले खासगरी ब्रह्मदेव क्षेत्रमा बाँध निर्माण, पिल्लर सारिएको, अस्थायी चेकपोस्ट निर्माण गरेको र नेपाली भूमिमा भारतीय पक्षले तारबारसमेत गरेको पाइएको छ ।

कुटनीतिक वार्ताका लागि भारत छैन तयार

नक्सा जारी गरिसकेपछि भारतले दिएको प्रतिक्रिया र सरकारी निर्देशनमा भारतीय मिडियाले नेपालका विरुद्ध गरेको भ्रामक र षड्यन्त्रपूर्ण प्रचारबाजी हेर्दा भारत सीमा विवाद समाधानका लागि भारत नेपालसँगको कुटनीतिक वार्तामा बस्न तयार छैन । नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बारम्बार भनिरहेका छन् कुटनीतिक वार्ताका लागि नेपालले गरेको प्रस्तावमा भारतले बेवास्ता गर्‍यो । यस्तो अवस्थामा नेपालसँग यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्नुको विकल्प छैन । वार्ता र संवाद नै उपयुक्त विकल्प भए पनि त्यसका लागि भारत इच्छुक नदेखिएपछि नेपालसँग अन्य विकल्प देखिँदैन । प्रबुद्ध समूह (ईपीजी) को प्रतिवेदनसमेत बुझ्न तयार नभएको भारत सजिलै अतिक्रमित जमिन फिर्ता गर्न राजी हुने देखिन्न । जुन देशले आफैँसमेतको सहमतिमा गठित दुवै देशका प्रतिनिधि रहेको संयुक्त प्रबुद्ध समूहले तयार गरेको संयुक्त प्रतिवेदन बुझ्न अस्वीकार गरिरहेको छ, त्यसले सजिलै अतिक्रमित जमिन फिर्ता गर्ला भन्ने सोच्नु निरर्थक हुन्छ ।

चीन, बाङ्गलादेश, पाकिस्तान, श्रीलङ्कालगायतका देशहरूसँग पनि सिमानाको विषयमा विवाद भएको भारतले अन्तर्राष्ट्रिय जगतमा आफूलाई विस्तारवादी राज्यका रूपमा स्थापित गरेको छ । ४१ वर्षदेखि बाङ्गलादेशसँगको सीमा विवाद २०१५ मा आएर मात्र उसले समाधान गर्न सक्यो । कश्मिरी जनताको संवैधानिक अधिकारलाई खारेज गरेसँगै अन्तर्राष्ट्रिय समुदाय भारतप्रति झन् सशंकित बन्दै गएको अवस्था छ ।

भारत यसरी विवाद समाधान गर्न चाहँदैन र नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सम्मान गर्दैन भने यस विषयलाई नेपालले अन्तर्राष्ट्रिय जगतमा उठाउँदै बहसमा ल्याउनुपर्छ र अन्य छिमेकी राष्ट्रहरूको समर्थन जुटाउन सकेमा पनि यस विषयलाई नेपालले अझ प्रभावकारी रूपमा अन्तर्राष्ट्रियकरण गर्न सक्छ भन्ने विषयविज्ञहरूको सुझाव पनि आइरहेको छ ।

अतिक्रमित भूमि फिर्ताको विषयमा संसदमा छलफलको माग

सांसदहरूले लिम्पियाधुरा, लिपुलेक र कालापानी र एमसीसीको समस्याबारे संसदीय समितिमा छलफलको माग गरेका छन् । विहीबार अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण सम्बन्धी भएको छलफलमा सांसदहरूले यस्तो माग गरेका हुन् । छलफलमा सहभागी सांसदहरूले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको नक्सामा समेटिएको तर, भारतीय फौज त्यस क्षेत्रबाट नहटेको भन्दै परराष्ट्रमन्त्रीलाई बोलाएर छलफल गर्नुपर्ने माग राखेका थिए ।

पूर्वगृहमन्त्री समेत रहेका सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी नेकपाका सांसद भीम रावलले तत्काल सीमाबारे भारतसँगको संवादका सन्दर्भमा के प्रगति भएको छ भनेर परराष्ट्रमन्त्रीलाई बोलाएर छलफल गर्नुपर्ने बताएका थिए ।

भारतीय नागरिक र भारतीय सुरक्षाकर्मीले सीमामा नेपालीहरूमाथि आक्रमण गरिरहेको, भारतीय बाँधले नेपाली भूभाग डुबानमा पर्दा पनि भारतीय पक्ष वार्तामा बस्न तयार नभएको र कालापानीबारे भारत मौन रहेको विषयमा समिति चुप लागेर बस्न नहुने सांसद रावलको भनाइ थियो ।

नेपालको हरेक प्रस्ताव भारतले अस्वीकार गर्ने गरेको उल्लेख गर्दै सांसद रावलले भारतले नेपाल-भारत प्रवुद्ध व्यक्ति समुह (इपीजी) को प्रतिवेदन नबुझेको विषयलाई गम्भीरतापूर्वक लिएर छलफल चलाउनुपर्ने बताएका थिए ।

इपीजीले प्रतिवेदन तयार पारेको लामो हुँदासमेत भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बुझ्न अस्वीकार गर्दा हालसम्म सार्वजनिक भएको छैन । उक्त प्रतिवेदन भारतीय प्रधानमन्त्रीले पहिले बुझ्ने र त्यसपछि नेपालका प्रधानमन्त्रीले बुझ्ने सहमति छ ।

सङ्घीय संसद्अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले जेठ ११ मै भारतले अतिक्रमण गरेको नेपालको भूमि प्राप्तिमा ठोस कदम चाल्न सरकारलाई निर्देशन दिएको थियो । नेपाल भारत सीमा सम्बन्ध तथा विदेशबाट नेपाली फर्काउने विषयमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीसँग भएको छलफलपछि समितिले कूटनीतिक रूपमा छलफल गरी संवादमार्फत् नेपालको भूमि फिर्ताका लागि ठोस पहल गर्न सरकारलाई निर्देशन दिएको थियो ।

उक्त छलफलमा मन्त्री ज्ञवालीले भूमि प्राप्त गर्न कूटनीतिक रूपमा प्रक्रिया थालिएको बताएका थिए । तर हालसम्म मन्त्री ज्ञवालीले त्यस दिशामा नेपालले के कति कुन स्तरमा पहल गर्‍यो भन्ने कुरा सार्वजनिक गरेका छैनन् । उनले कुटनीतिक वार्तामा भारत बस्न नचाहेको मात्रै बताउँदै आएका छन् । कुटनीतिक वार्तामा भारत बस्न तयार नभए नेपालले चाल्ने कदम के हुन सक्छ ? भन्ने विषयमा कुनै छलफल भएको देखिन्न ।

प्रमाणका आधारमा मुद्दाको अन्तर्राष्ट्रियकरण र संयुक्त राष्ट्रसंघको मध्यस्थतामा वार्ता गर्नुपर्ने सुझावहरू राजनीतिक तथा कुटनीतिक रूपमा आइरहे पनि सरकारले यसप्रति खासै वास्ता गरिरहेको छैन । कुटनीतिक तथा राजनीतिक वार्ता तथा अन्तर्राष्ट्रियकरणका लागि ठोस कदम चाल्न सरकारलाई बाध्य पार्न पनि ठूलो जनदबाबको खाँचो देखिएको छ । अतिक्रमित भूमि फिर्ताका लागि देशभित्र र संसारभर छरिएर रहेका सबै नेपालीहरूले संगठित रूपमा दबाब आन्दोलन सशक्त रूपमा अगाडि बढाउन आवश्यक देखिएको छ । अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित गर्न र मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न पनि आन्दोलनको विकल्प छैन ।

## कोरोनामा...

गरिनु गम्भीर भुल हुन जान्छ।

उपचारमा प्रत्यक्ष संलग्न स्वास्थ्यकर्मीहरूले आफ्नो बालबच्चा र घरपरिवारलाई नभेटेको कैयौं दिन भैसकेको छ। उता परिवारजन पनि आफन्तलाई केही होला कि भन्ने आशङ्का र चिन्ताले पिरोलिई राखेका छन्। अन्य पेसकर्मीहरू आफ्नो परिवारजनसँग रमाइरहेका बेला यी चारकर्मी देश र जनताका लागि निरन्तर खटिइरहनु सम्मानयोग्य काम हो। तर उनीहरूलाई सरकार, सरोकार र जनसमुदायबाट पर्याप्त प्रशंसा, प्रोत्साहन र सम्मान नपाएको गुनासो जायज छ। केही समयअघि सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको तलब बाट पनि कट्टी गरी कोरोना राहत कोषमा रकम जम्मा गर्ने निर्णय भएको हल्ला चलेको थियो। जसको विपक्षमा व्यापक सार्वजनिक आलोचना पछि कटौती नहुने सरकारले जानकारी गराएको थियो। उनीहरूलाई आकर्षक जीवन बिमा लगायत अन्य आर्थिक, सामाजिक तथा मनोबैज्ञानिकरूपमा उच्च मनोबलयुक्त बनाउन सके मात्र कोरोना विरुद्धको लडाई सहजरूपमा जितिने तर्फ नागरिक समाज र सरकारले हेक्का राख्नु जरुरी छ।

स्वास्थ्यकर्मीको लागि आवश्यक व्यक्तिगत सुरक्षा सामग्री(पीपीई) अभाव, राज्यको चौथो अङ्गको रूपमा स्वीकार्यको संचारकर्मीको लागि सामान्य सुविधा पनि आफैले जोहो गर्नुपर्ने, सरसफाईकर्मीका लागि फोहोर मैलाको सङ्क्रमणबाट बच्ने पीपीई, स्यानिटाइजरलगायतका सामग्रीमा पहुँच नहुनु, त्यस्तै अहोरात्र सडक र समुदायमा खटिने सुरक्षाकर्मीका लागि समेत पर्याप्त स्वास्थ्य सामग्रीको अभाव रहेको गुनासो समयमै सम्बोधनमा ध्यान जानु पर्दछ। उनीहरूलाई आफ्नो पेसाप्रति अझ दत्तचित्त भएर लाग्न प्रोत्साहित वातावरण र सुविधा प्रदान गर्न लोभ गरिनुहुन्न।

कोरोना महाव्याधि उपचारको अहिले सम्म निश्चित औषधी पत्ता लागिसकेको छैन। उपचार भन्दा पनि रोकथामका उपायहरू नै कोरोना बच्ने उत्तम उपाय ठहरेको छ। सुरुमा चमेरो बाट मानवमा सरेको कोरोना भाइरस अहिले मानव बिचको संसर्ग बाट सर्दै छ। मानव संसर्ग लाई निरुत्साहित गर्न सामाजिक दुरी बढाउन विभिन्न उपायहरू हुन सक्छन्। अहिले रोकथामका लागि विश्वभर लकडाउन उपाय लोकप्रिय बनेको छ। त्यस्तै कोरोना सङ्क्रमित पहिचान र उपचारका लागि ट्रेसिङ, टेस्टिङ्ग र ट्रिटमेन्टलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्ने बाध्यता भएको छ। कोरोनालाई परास्त गर्न स्वअनुशासन, स्वस्थ र स्वच्छ बानी ब्यहोरा तथा सन्तुलित पौष्टिक आहार अर्को विकल्प हो। रोगप्रतिरोधात्मक क्षमता बढाउन खानपान र शारीरिक व्यायाम तथा सकारात्मक सोच पनि प्रभावकारी हुने विज्ञहरूको भनाई छ।

अन्य व्यक्तिहरू अनावश्यकरूपमा घरबाहिर निस्केर रोग सल्किने जोखिमलाई निम्त्याएका कतिपय घटना सार्वजनिक भएका छन्। तर यी चार पेसाकर्मीहरू आफ्नो रोजीरोटीको लागि मात्रै नभएर मानव सेवा जस्तो पवित्र काममा जीवन नै दाउमा राखेर दिलोज्यानले लागेका छन्। उनीहरूको मनोबल बढाउन सर्वसाधारण देखि सरकारसम्मले मुक्त कण्ठले प्रशंसा, प्रोत्साहन र सम्मान गर्न कन्जुस्याइँ गरिनु अन्याय र अमानवीय काम हुने तर्फ सबैको हेक्का रहनु पर्दछ ।


रोयल बुईपा A/C जम्बो हाईस




गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

**काठमाडौं सम्पर्क नम्बर**

बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**

फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# कोरोनामा अग्रपङ्क्तिका योद्धा 'चार'कर्मी



● बाबुकाजी कार्की ●

कोरोना भाइरसको सङ्क्रमण दिनप्रति दिन जटिल तीव्र बन्दै गएको छ। यस महामारीले विश्वभर आतङ्क फैलाएको छ। सम्पन्न विपन्न, सानो ठुलो, शक्तिशाली निर्धो आदीमा कुनै भेदभाव नगरी कोरोनाले आक्रमण गर्दै छ। आफूलाई विश्वका सर्वशक्तिमान् ठान्ने देशहरू अहिले अतिशुक्ष्म कोरोनाको अगाडी निरीह बनिराखेका छन्। अमेरिका, रसिया तथा युरोपका सम्पन्न देशहरूमा कोरोनाले आफ्नो दबदबा बढाउँदै छ। कोरोना सङ्क्रमण विश्वभर मृत्यु हुनेको सङ्ख्या ५ लाखको हाराहारीमा पुग्दै छ। कोरोना नियन्त्रण र नियमनको खास औषधी अहिले सम्म पत्ता नलागीसकेको अवस्थामा यो सङ्ख्या निरन्तर बढ्ने निश्चित छ। अदृश्य शत्रु कोरोना भाइरस फैलिने गति सुनामी तुफान भन्दा चर्को छ। विश्वभर मानव अस्तित्वलाई नै चुनौती बनेको यस महामारीलाई तेस्रो विश्वयुद्धको रूपमा चित्रित गरिन थालिएको छ। दोस्रो विश्वयुद्ध ताका जापानमा खसालिएको अणु बम भन्दा पनि खतरा बन्दै छ यो कोरोना भाइरसरूपी जैविक बम। अणुबमले सीमित क्षेत्र भित्रका जैविक उपस्थितिलाई नष्ट गर्दछ तर कोरोना भाइरसले विश्वभर तीव्र गतिमा मानव जीवनलाई मात्र चुनौती दिँदै छ।

कोरोना विरुद्धको युद्ध घरमै बसेर जितिने अहिले सम्मको अध्ययन र अनुभवले सिद्ध गरेको छ। अन्य युद्ध जित्न हातहतियार सहित घरबाट निस्केर युद्ध मैदानमा जानुपर्ने तर कोरोना विरुद्धको युद्धमा घर भित्रै बस्नुपर्ने अनौठो बाध्यतामा मानव परेको छ। सम्पूर्ण जनसमुदाय भाइरससँग डराएर घर भित्रै बसेको बेला केही पेसाकर्मीहरू आफ्नो जीवन जोखिममा राखेर हाम्रो लागि आ–आफ्नो कर्मथलोमा कोरोना विरुद्धमा लडिरहेका छन्। यसरी कोरोना भाइरसलाई चुनौती दिन युद्ध मैदानको अग्रपङ्क्ति उत्रिने मुख्य चार पेसाकर्मीहरूमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी र सञ्चारकर्मी पर्दछन्।

परम्परागत मान्दै आएका देवीदेवता समेत कोरोना कहरको चपेटामा परेको बेला स्वास्थ्यकर्मी कोरोना सङ्क्रमितका लागि बोल्ने देवता हुन। सङ्क्रमितलाई आफन्त, नातागोता, साथीभाइ समेत छुन डराउनु पर्ने अवस्थामा स्वास्थ्यकर्मीले मात्रै नज्दिक बाट स्वास्थ्य परीक्षण र उपचार गरेका छन्। सङ्क्रमितको प्रत्यक्ष स्वास्थ्योपचारमा खटिएका विश्वमा कैयौँ चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मी तथा एम्बुलेन्स चालक आदीले ज्यान गुमाएका छन्। चीनको बुहानमा सर्वप्रथम कोरोना भाइरस पहिचान गर्ने चिकित्सक कै सङ्क्रमणका कारण मृत्यु भैसकेको छ। कोरोना सङ्क्रमितको उपचारमा लागेका विभिन्न तहका चिकित्सक मध्ये विश्वभर २ सय भन्दा बढीले ज्यान गुमाइ सकेका छन्। अहिलेसम्म नेपालमा १५ जना स्वास्थ्यकर्मी, केही सुरक्षाकर्मी, सञ्चारकर्मी र सरसफाईकर्मीलाई कोरोना पोजेटिभ देखिइसकेको छ। सौभाग्यवश सबैको स्वास्थ्य अवस्था सामान्य भएको र निश्चित समयको उपचारपछि सार्वजनिक जीवनमा फर्की सकेका छन्। जनसमुदायमा सङ्क्रमितको सङ्ख्या बढ्ने गति बढे सँगै यी योद्धाहरूमा सङ्क्रमण पनि बढ्ने निश्चित नै छ।

कोरोना विरुद्धको लडाइमा अग्रपङ्क्ति रहेका स्वास्थ्य तथा सुरक्षाकर्मीमाथि आक्रमण भएका निन्दनीय घट्नाहरू पनि भएका छन्। भारतका कैयौँ ठाउँमा कोरोना उपचारका लागि गाउँवस्तीमा खटिएका स्वास्थ्य तथा सुरक्षाकर्मीमाथि साङ्घातिक हमला भएको सञ्चार माध्यममा सदृश्य देखिएका छन्। नेपालमा पनि फाट्टफुट्ट यस्ता निन्दनीय घटना घटेका छन्। केहिदिन अघि बाँकेको नरेनापुरमा स्वास्थ्य र सुरक्षाकर्मी माथि हमला भएको थियो। भरखरै डोटी स्वास्थ्योपचारका लागि आवश्यक सामग्री लिएर स्वास्थ्य केन्द्र हिँडेका स्वास्थ्यकर्मी माथि साङ्घातिक आक्रमण भएको छ। त्यस्तै कोरोना सर्छ भन्ने आशङ्का र आरोपमा स्वास्थ्यकर्मीको आफ्नो घर जाने बाटो नै बन्द गरिदिएको घटना सार्वजनिक भएको थियो।

सङ्क्रमितको उपचारमा नजिक बाट खटिएका स्वास्थ्यकर्मीरूपी देवदूतलाई हातपात, दुर्व्यवहार गरेको समाचार सार्वजनिक हुनु दुखद हो। अज्ञानता, भ्रम तथा कतिपय अवस्थामा नियतवश पनि यस्ता अप्रिय घट्नाहरू हुने गरेका छन्। यस्ता अमानवीय घटना प्रति जिम्मेवार जो कोहीलाई पनि निर्मम कारबाही गरी अग्रपङ्क्ति खटिएका पेसाकर्मीको मनोबल उच्च राख्न विलम्ब बाँकी ७ पेजमा

# मनसुन सुरु भएयता ५४ जिल्लाका २३८ ठाउँमा पहिरो जाँदा ११४ भन्दा बढीको मृत्यु, ५० जना अझै बेपत्ता



काठमाडौँ । गृह मन्त्रालयका अनुसार मनसुन सुरु भएयता ५४ जिल्लाका २ सय ३८ ठाउँमा पहिरो गएको छ । २३ जिल्लाको पहिरोमा परी १ सय १४ भन्दा बढीको मृत्यु भएको छ भने ९ जिल्लाको पहिरोमा परी ५० जना अझै बेपत्ता रहेका छन् । सिन्धुपाल्चोक, संखुवासभा, कास्की, म्याग्दी, गुल्मी, धादिङ, तनहुँ, बझाङ, काठमाडौंलगायत जिल्लामा गएका पहिरोबाट भएको भौतिक क्षतिको विवरण भने सरकारले अझै संकलन गरिसकेको छैन ।

गृह मन्त्रालयका अनुसार सबैभन्दा बढी मानवीय क्षति सिन्धुपाल्चोक, म्याग्दी, संखुवासभा, बझाङ, कास्की, जाजरकोट, धादिङलगायत जिल्लामा भएको छ । बझाङको केदारस्युँ गाउँपालिका-८, मल्लेसीमा पहिरोमा पुरिएर गत असार १९ गते सात जनाको मृत्यु भएको थियो, एक जना अझै बेपत्ता छन् । पहिरोबाट २१ घरपरिवार विस्थापित भएका थिए । त्यसको पाँच दिनपछि असार २४ गते सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाको जम्बु र भोटेकोसी गाउँपालिकास्थित गुल्कोटे र फुलपिङकट्टीमा पहिरो जाँदा ७ जनाको मृत्यु भयो । २३ जना बेपत्ता छन् । पहिरोले कोदारी राजमार्ग अवरुद्ध छ ।

असार २६ गते म्याग्दीका विभिन्न स्थानमा पहिरोबाट २८ जनाको ज्यान गयो भने चार अझै भेटिएका छैनन् । म्याग्दीको बेनीबाट मुस्ताङको जोमसोम जोड्ने सडकखण्ड अवरुद्ध छ । पहिरोले चारवटा मोटरेबल पुलका साथै पाँच ठाउँमा सडक बगाएको छ । संखुवासभाको सिलिचोङ गाउँपालिका-१, सिसुवा खोलामा पहिरोमा ११ जना बेपत्ता छन् । बेपत्ताको उद्धारमा गएका एक स्थानीयको समेत मृत्यु भएको संखुवासभाका जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

पहिरो र बाढीले आधा दर्जनभन्दा बढी जिल्लाका मुख्य र सहायक मार्ग अवरुद्ध बनेको छ । पहिरोपछिको बाढीले बाजुराको बूढीगंगा नगरपालिकास्थित ताप्रिसेराको पक्की पुल बग्दा अछाम र बाजुरामा यातायात आवागमन बन्द छ । साउन ५ गते राति पहिरो र बाढीले पृथ्वी राजमार्ग सडकखण्डअन्तर्गत चितवन-धादिङको मौवा खोलाले पक्की पुल भत्काएको छ । त्यहाँ बेलिब्रिज वा एक्रोब्रिज राखेर आवागमन खुलाउने विषयमा भौतिक पूर्वाधार मन्त्रालय र सेना छलफलमा जुटेका छ्। मंगलबार सिद्धार्थ राजमार्गअन्तर्गत सिद्धबाबा सडकखण्डमा दर्जनभन्दा बढी स्थानमा पहिरोले बाटो अवरुद्ध बनेको थियो ।

## क्रान्तिकारीहरु...

चाहेर पनि आजसम्म भुल्न सकिरहेका छैनौँ र भुल्न सक्ने कुरो पनि होइन ।

अहिले नेपालमा विकास हुँदैगरेको प्रतिक्रियावादी संकट तथा अन्तरविरोधहरूको तिक्तताको सन्दर्भमा प्रतिक्रियावादी एवम् नव-संशोधनवादीहरूको यो वा त्यो गुटको अराजनैतिक गठबन्धनमा नलागि विसुद्ध क्रान्तिकारी नीतिअनुसार गएर पार्टीलाई क्रान्तिकारी दिशामा अघि बढाउने राम्रो अवसर पैदा भएको छ । प्रतिक्रियावादी र नव-संशोधनवादीहरूले फैलाउने दुषित हावा हुरिका अगाडि नझुकी इतिहासका नकारात्मक अनुभवहरूबाट शिक्षा लिएर दृढतापूर्वक पार्टीको क्रान्तिकारी कार्यदिशा लागू गर्न अगाडि बढेर मात्र प्रतिकूलतालाई अनुकूलतामा फेरिन सकिन्छ भन्ने कुरा बुझ्नु जरुरी छ ।

मालेमावादी कम्युनिष्टहरूले अत्यन्तै महत्वकासाथ बुझ्नुपर्ने कुरो भनेको देश, काल र परिस्थिति भित्र खुम्चेर आत्मागत शक्ति कमजोर छ भनेर क्रान्तिको माला जपेर बस्दैमा क्रान्ति आफै हुने कुरो होइन। क्रान्ति हुन र गर्न मार्क्सवादी-लेनिनवादी-माओवादी पठप्रदर्शणलाई आत्मासात गरी मालेमावादी अडान र दृष्टिकोण अनुरूप क्रान्तिकारी पठमा अग्रसर हुने मानसिकता निर्माण गरी, महान नेता लेनिनको दिव्य उपदेश -'मार्क्सवादी क्रान्तिकारीहरू कुनै पनि समय र परिस्थितिभित्र खुम्चेर बस्दैन, बरु समय र परिस्थितिलाई आफु अनुकूल बनाई हरहमेसा क्रान्तिकारी पठमा अगाडि बढिरहेको हुन्छ र अगाडि बढ्नु पर्दछ' लाई हृदयङ्गम गरी सच्चा क्रान्तिकारी कम्युनिष्टहरू हिम्मतकासाथ क्रान्तिकारी पठमा निरन्तर अगाडि बढ्न सक्नुपर्दछ ।

क्रान्तिकारी कम्युनिष्टहरूले यो कदापि भुल्नु हुन्न कि महान नेता लेनिनले 'हरहमेसा कम्युनिष्ट आदर्श अनुरूप व्यक्तिगत आचरणमा शुद्धता र संयमलाई अत्यन्त बढि जोड दिनु हुन्थ्यो । तर म यहाँ देखिरहेको छु, यहाँको वस्तुस्थिति विलकुल उल्टो भने जस्तो गरी यहाँका कतिपय कामरेडहरू आफु अवल दर्जाको सच्चा कम्युनिष्ट हुँ भनि सावित गर्न बडेबडेमानको सैद्धान्तिक भाषण छाँट्न शिपालु तर व्यवहारमा भने सुन्ने ती क्रान्तिकारीहरू, दक्षिणपन्थी अवसरवाद तथा दक्षिणपन्थी नवसंशोधनवादको जवरजस्त प्रभावका कारण राजनैतिक एवम् संगठनात्मक प्रश्नसँगै व्यक्तिगत आचरण र नैतिकताको प्रश्नमा पनि पूँजीवादी अराजकता र छाडापनबाट मुक्त छैनन् । कम्युनिष्ट पार्टीको समस्याको मूलजड भन्नु नै यहि हो । विश्व कम्युनिष्ट आन्दोलन पनि यो समस्याबाट अछुतो छैन ।

क्रान्ति हुन र गर्न फेरिपनि क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी कार्यक्रम तर्जुमा गर्नु नै पर्याप्त होइन र हुन सक्दैन । अर्को कुरो क्रान्ति हुन र गर्न देशको वर्तमान वस्तुगतस्थिति क्रान्तिको लागि सकारात्मक भएर पनि के गर्ने, क्रान्तिकारीहरूको आत्मागत स्थिति कमजोर छ भनी हातमा हातबाँधी, पार्टीभित्र रहेको रहल-पहल विकृति र विसंगति, कमि कमजोरी, गलत प्रवृति, गलत सोच (चिन्तन्), दक्षिणपन्थी अवसरवाद, दक्षिणपन्थी नवसंशोधनवाद तथा नवप्रतिक्रियावाद जस्ताको प्रभावलाई निर्मूल गरी पढाउने तिर नलागि यतिकै गतिछाडा तालले छुट दिइराख्ने हो भने आत्मागत शक्ति कमजोर मात्र होइन पार्टीमा अरु कल्पनासम्म गर्न नसकिने दुर्घटना नहोला भन्न सकिन्न । तसर्थ क्रान्तिकारीहरूले अत्यन्तै महत्वकासाथ हेक्का राख्नु पर्ने कुरो आत्मागत शक्ति कमजोर हुनु भनेको त्यो आफैमा एक गम्भिर रोग हो । जस्को निदान गरी रोगको उपचार आवश्यकता अनुरूप गर्नु नितान्त जरुरी छ । रोगको उपचार बिना आत्मागत शक्ति आफै तन्दुरुस्ति भएर आउने कुरो होइन भन्ने कुरो क्रान्तिकारी कम्युनिष्टहरूले बुझ्नु जरुरी छ ।

क्रान्तिकारी पार्टीका सच्चा कम्युनिष्टहरूले आदम्वरी रवाफ र आडम्वरि जीवन शैलिबाट माथि उठी नेता हुनुको हुँकार छोडेर, व्यवहारतः शिष्ट बोली र सादाव्यवहारमा उत्रेर उत्पिडित जनसमूदायको मनजिती आत्मियता गाँस्न सक्नु पर्दछ । किन कि यो नै एक मात्र क्रान्तिको मूल आधार स्तम्भ हो र यसलाई सहि अर्थमा जागरुक बनाई, अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुर्‍याई यसै माध्यम वैज्ञानिक समाजवादमा फदको मार्ने यो एक भरपर्दो क्रान्तिकारी कार्य विधी हो। विना अपवाद यस विधीलाई प्रत्यक कामरेडहरूले आफ्नो जिम्मेवारी बोधका साथ व्यवहारतः कार्यक्षेत्रमा उत्रनु क्रान्तिकारी कम्युष्टिहरूको नैतिक दाइत्व हो ।

क्रान्तिको सन्दर्भमा भन्नुपर्दा, नेपालको राजनैतिक इतिहासलाई हामीले गौरगरी हेर्‍यौभने के कुरा प्रमाणित हुन आउँछ भने नेपाली पूँजीपतिवर्गले केहि विशेष ऐतिहासिक परिस्थितिहरूमा साम्राज्यवाद सामन्तवादको विरुद्ध संघर्षमा भाग लिन सक्छ र लिएका पनि छन् । अन्य परिस्थितिहरूमा सो वर्ग, आफ्नो आर्थिक तथा राजनैतिक कमजोरिको कारणले गर्दा धोकेवाजभई गद्दारी गर्न पुग्छन् । त्यसैले इतिहासको पाना पल्टाएर हामीले के सिक्न र बुझ्नु पर्छ भने नेपालमा हामीले गर्न खोजिरहेको साम्राज्यवाद-विरोधी, विस्तारवाद विरोधि, सामन्तवाद-विरोधी तथा यो संसदिय नवप्रतिक्रियावादी व्यवस्था विरोधी पूँजीवादी-जनवादी (नयाँ जनवादी) क्रान्ति एउटा यस्तो अभिभारा हो जसलाई पूँजीपतिवर्गको नेतृत्वमा सम्पन्न गर्न सकिंदैन, बरु सर्वहारावर्गको नेतृत्वमा मात्र सम्पन्न गर्न सकिन्छ ।

हामीले हरहमेसा यादगार बनाई राख्नु पर्ने यो नाभि सवाल सर्वहारावर्ग पूँजीपतिवर्गको पछि लाग्ने होकी पूँजीपतिवर्ग सर्वहारावर्गको पछि लाग्ने हो ? नेपाली क्रान्तिमा नेतृत वर्गने उतरदायित्वको यो सवाल अत्यन्तै महत्वपूर्ण छ, किन भने जसमाथि क्रान्तिको सफलता वा असफलता निर्भर गर्दछ। हुनत हामीले यो नाभि सवालको दुवैपक्षको सकारात्मक र नकारात्मक अनुभवहरू दश वर्षिय महान जनयुद्धको क्रममा हासिल गरिसकेका कुराहरू हुन् । पूँजीपतिवर्गले सर्वहारावर्गको राजनैतिक नेतृत्वको अनुसरण गर्दाखेरि क्रान्ति कसरी अघिबढ्यो र पछि कम्युनिष्ट पार्टीको मूल नेतृत्व प्रचण्डको गल्ति (गद्दारी) र यिनका पिछलग्गु समूहले गर्दा सर्वहारावर्ग पूँजीपतिवर्गको राजनैतिक पुच्छर बन्दाखेरि कसरी क्रान्ति पछिल्तिर धकेल्न पुग्यो। इतिहासको यस घटनालाई हामीले भुलेरै पनि दोहरिन दिनुहुन्न ।

मालेमावादी हामी वहुसंख्यक उत्पिडित जनसमूदायमाथि भरोसा राख्छौँ र सम्पूर्ण परिस्थिति प्रति जिम्मेवारीपूर्ण ढङ्गले ध्यान केन्द्रित गर्छौँ । क्रान्तिकारी पार्टी पंक्तिहरूमा पद प्रतिस्था र सुविधावादको एउटा प्रतिविम्व रहेको क्रान्तिकारी पठबाट भागेका भगुवाहरू विप्लव र बादल खालको पुच्छरवादलाई पुनर्जिवित हुन दिनु हुँदैन । पार्टीको वर्ग अदानलाई कमजोर पारिएमा, त्यसका विशिष्ट लक्षणहरूलाई अस्पष्ट बनाइएमा, पद, प्रतिस्था र सुविधावादका खाँचोहरू पुरा गर्नका लागि मजदुर किसान तथा वहुसंख्यक उत्पिडित जनसमूदायका हितको वलिदान गरिएमा, क्रान्ति अवश्य पनि पराजित हुनेछ । हामी यस अर्थमा सचेत हुनैपर्छ किनभने दह्रो क्रान्तिकारी नीति कार्यान्वयन गरी पूँजीवादी जनवादी (नयाँ जनवादी) क्रान्तिमा पूर्ण विजयका लागि प्रयासरत छौँ । र उपर्युक्त अवाञ्छनिय प्रवृतिहरूलाई हटाउनका लागि, सम्पूर्ण पार्टीको मार्क्सवादी-लेनिनवादी-माओवादी सैद्धान्तिकस्तरलाईउठाउनुअत्यन्तजरुरीछ, किनभने मार्क्सवाद-लेनिनवाद-माओवाद मात्र त्यस्तो शिक्षा दिग्दर्शक यंत्र हो जसले नेपाली क्रान्तिलाई विजय तर्फ मार्गदर्शन गर्नसक्छ ।

*२०७५/९/५, ताहाचल, काठमाडौँ*








**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात हुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।